का.जि.प्र.का.द.नं. १००/०५९/६०

८ साउन २०८१,
मंगलबार
23 July 2024,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक १६१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# कोकिन तस्करीको ट्रान्जिट बन्दै नेपाल


करोडौंको कोकिन पेटमा लिएर नेपाल आउने, दिसा गरेर निकाल्दै भारत पठाउने कार्यमा संलग्न विदेशी नागरिक पक्राउ पर्ने क्रम बढ्दो छ । यस्तो कार्यमा दक्षिण अमेरिकी मुलुकका नागरिकको संलग्नता बढी देखिन्छ ।



भरियाहरूले एक किलो कोकिन क्याप्सुल निलेर नेपाल ल्याउँदा तीनदेखि चार हजार रुपैयाँ डलर बुझ्ने गरेको हाम्रो अनुसन्धानले देखाएको छ ।

**दिनेश आचार्य**
**एसएसपी, लागुऔषध नियन्त्रण ब्युरो, कोटेश्वर**



**खिलानाथ ढकाल/मध्यान्ह**
काठमाडौं, ७ साउन ।

४४ वर्षीय युगान्डियन नागरिक केभिना मुगाला २०८१ वैशाख ३१ गते कतारबाट काठमाडौं आएकी थिइन् । लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वरको टोलीले मुगालालाई काठमाडौं-९ सिनामंगलमा पक्राउ गऱ्यो ।

उनले लागुऔषध कोकिन बोकेको सूचना ब्युरोका प्रहरीसँग थियो । हेर्दा सकुशल रहेकी उनको स्वास्थ्य परीक्षण गर्ने निष्कर्षमा प्रहरी पुग्यो । ती महिलालाई नेपाल प्रहरी अस्पतालमा लगेर स्वास्थ्य परीक्षण गराइयो ।

परीक्षण गर्दा उनको पेटमा ९० वटा लागुऔषध कोकिनका क्याप्सुलहरू देखिए । ती क्याप्सुल दिसाबाट निकालेर तौलिँदा १ किलो २६० ग्राम कोकिन रहेको यकिन भयो । ती क्याप्सुल सेतो प्लाष्टिकले र्‍यापिङ गरिएका थिए । पृष्ठ २ मा

## नेपालसँग छैन जाँच्ने प्रविधि फाइदा उठाउँदै एजेन्ट

प्रहरीका अनुसार अन्तर्राष्ट्रिय संगठित समूहले लागुऔषध तस्करीको सुरक्षित स्थान नेपाललाई ठान्नुका कारण छन् ।

यसको पहिलो कारण हो- धेरैजसो लागुऔषध डिटेक्टिङ गर्ने टेक्नोलोजी नेपालमा छैन । पेटमा बोकेर लागुऔषध ल्याउनेको पहिचान गर्ने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उपकरण छैन । प्रहरीसँग तालिमप्राप्त कुकुर परिचालनबाहेक अन्य केही उपकरण छैन ।

मेटल पत्ता लगाउने, झोलाभित्रको सामान पत्ता लगाउने एक्सरे मेसिनबाहेक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आधुनिक उपकरण छैनन् । पृष्ठ २ मा

## पक्राउ पर्छन् भरिया भेटिँदैनन् नाइके

आर्थिक वर्ष २०७७/७८ यता कोकिन कारोबारमा जोडिएका २७ जना पक्राउ परेका छन् । ती सबै भरिया हुन् । यसको कारोबारमा संलग्न मुख्य व्यक्ति नेपालले पत्ता लगाउन सकेको छैन ।

'हामीले भरियाहरू पक्राउ गर्न सकेका छौं, नेपालबाहेक अन्य देशमा बसेर कारोबार गर्नेहरूलाई पक्राउ गर्ने र अनुसन्धान गर्ने हाम्रो कुनै च्यानल छैन,' पृष्ठ २ मा

# संसदमा गरम सुनिए प्रधानमन्त्री

प्रधानमन्त्रीले आफूमाथि उठेका प्रश्नको जवाफ दिनुलाई अन्यथा लिन मिल्दैन । तर फरक समय, सन्दर्भमा जवाफ दिन हतारिनु र त्यसक्रममा कडा शब्द प्रयोग गर्नुले प्रधानमन्त्री केपी शर्मा ओली आफूमाथि उठ्ने प्रश्नहरूप्रति कति जिम्मेवार हुन्छन् भन्ने संकेत गरेको सांसदहरू बताउँछन् ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ साउन ।

चौथो पटक प्रधानमन्त्री भएका केपी शर्मा ओलीले सोमबार प्रतिनिधि सभामा 'प्रधानमन्त्रीसँगको प्रश्नोत्तर कार्यक्रम'मा सांसदहरूका प्रश्नको सामना गरे । आइतबार दुईतिहाइ बढी बहुमत पाएका ओली सोमबार सांसदका कतिपय प्रश्नमा गरम सुनिए ।

नेकपा माओवादी केन्द्रका सांसद लेखनाथ दाहालले शून्य समयमा डेडिकेटेड र ट्रंक लाइनको विवादलाई लिएर प्रधानमन्त्रीले झुट बोलेको दाबी गरे । अदालतले समेत विद्युत महसुल उठाउन आदेश दिइसकेको उल्लेख गर्दै उनले भनेका थिए, 'हिजो प्रधानमन्त्रीले रोष्टमबाटै सफेद झुट बोल्नुभयो । सबै प्रमाण अवज्ञा गर्नुभयो र विचौलियाको भाषामा विद्युत लाइन जोड्ने !'

त्यसपछि रोष्ट्रममा पुगेका प्रधानमन्त्री ओलीले डेडिकेटेड र ट्रंक लाइनको विवादलाई लिएर आफूमाथि अनावश्यक लान्छना लगाइएको भन्दै प्रतिवाद गरे । संसदमा भएको कुरा गर्न र जथाभावी नबोल्न आग्रह गरे ।

डेडिकेटेड र ट्रंक लाइनको विवादमा आफूले विद्युत महसुल तिर्नु पर्दैन भनेर नभनेको ओलीको दाबी छ ।

'विवाद टुंग्याउनुपर्छ, सरकारले पाउनुपर्ने रकम असुल गर्नुपर्छ' प्रधानमन्त्री ओलीले भने, 'जुन विद्युत उपभोग गरेका छन्, त्यसको तिर्नुपर्छ । जुन प्रयोग गरेका छैनन्, त्यो तिर्न पर्दैन । मैले भनेको त्यो हो ।'

९/१० वर्ष अगाडिदेखिकै विवाद भएको र बेलाबेला लाइन काट्ने र जोडिने भइरहेको भन्दै प्रधानमन्त्रीले थपे, 'मलाई कुनै लप्पनछप्पन गर्नु छैन, बेठिक खालका सेटिङ र विभिन्न खालका तन्त्रका पछाडि कुद्नु पनि छैन ।'

६० वर्ष लामो राजनीतिक जीवनमा कुनै दाग नलागेको र बाँकी जीवन पनि त्यसलाई कायम राख्ने उनले बताए । हिजो पनि आफूले यही मत राखेको भन्दै उनले भने, 'हिजो हुनुहुन्थ्यो भने रेकर्ड सुनेर कन्फर्म भएर कुरा गर्नु बान्छनीय हुन्छ । हामी गरिमामय संसदमा छौं ।'

'कहिले सुन होइन पित्तल चढायो भनेको छ । कहिले अनेक प्रकारको फोटाहरु छपाएको छ । यो खालको तरिका माननीयको हैसियतमा शोभनीय हुँदैन,' उनले भने, 'भ्रष्टाचारका विरुद्ध कुरा बोलौं, भ्रष्टाचार छोप्नका लागि अरुमाथि भ्रष्टाचारका लान्छना लगाउने काम नगरौं ।'

तर, प्रधानमन्त्रीको अभिव्यक्ति प्रश्नोत्तर कार्यक्रममा प्रस्तुत प्रश्नसँग मिलिरहको थिएन । प्रश्नोत्तर कार्यक्रमको सुरुमा कांग्रेस उपसभापति धनराज गुरुङले प्रश्न सोधेका थिए । पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# संख्या सय समस्या समाधानका लागि व्यवसायीहरु दौडधुपमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ साउन

वैदेशिक रोजगार व्यवसायीहरूले वार्षिक सय जना कामदार पठाउन नसकेका कारण इजाजत नवीकरण नहुने प्रावधानले पारेको समस्याको निकासका लागि दौडधुप तीव्र बनाएका छन् ।

तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोल प्रसाद अर्यालले वार्षिक सय जना कामदार पठाउन नसकेका म्यानपावर व्यवसायीको समेत इजाजत नवीकरण गर्न वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ अन्तर्गत बाधा अड्काउ फुकाउन मन्त्रिपरिषद्मा लगेको प्रस्ताव फिर्ता लिएपछि करिब दुई सय पचास म्यानपावर व्यवसायीले असार मसान्तपछि कामदार उडाउन पाएका छैनन् । लाइसेन्स नवीकरण नहुँदा वैदेशिक रोजगार विभागले आफ्नो प्रणालीमा उनीहरूको कारोबार रोक्का गरेको छ ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएनद्वारा उपाध्यक्ष विनोदजंग केसीको संयोजकत्वमा गठित संख्या सय समस्या समाधान समितिले सोमबार गृहमन्त्री रमेश लेखक र परराष्ट्रमन्त्री आरजु पृष्ठ २ मा





## मञ्च र प्रधानमन्त्रीका मुख्य सल्लाहकार रिमालबीच छलफल

**काठमाडौं/मस-** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले प्रधानमन्त्री केपी शर्मा ओलीका प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमाललाई भेटेर संख्या सयसहित समग्र वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्याबारे जानकारी गराएको छ ।

अध्यक्ष जनक रावलको नेतृत्वमा गएको मञ्च नेपालको प्रतिनिधिमण्डलले प्रधानमन्त्रीका प्रमुख सल्लारकार रिमाललाई पृष्ठ २ मा



## इजरायलले बढायो कोटा

**काठमाडौं/मस-** इजरायलले वृद्धवृद्धालाई स्याहार गर्ने दीर्घकालीन स्याहार केन्द्रहरूका लागि दुई हजार नेपाली लैजान सहमति जनाएको छ । यसअघि भएको एक हजार पाँच सय नेपाली लैजाने सहमतिअनुसार आवेदन माग भएको अवस्थामा इजरायलले दुई हजारसम्म लैजाने सहमति जनाएको हो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीसँग सोमबार श्रम मन्त्रालयमा भएको शिष्टाचार भेटमा नेपालका लागि इजरायलका राजदूत हमान गोडेर गोल्डबर्गरले उक्त जानकारी दिएको मन्त्रालयले जनाएको छ ।

यसअघि इजरायलबाट आठ सय नेपाली कामदारको माग आएको थियो । त्यसमा ५ सय जना मुख्य उम्मेदवार र ३ सय जना वैकल्पिक उम्मेदवार छनोट हुने व्यवस्था थियो । अब सो संख्यामा त्यति नै बढाएर एक हजार मुख्य उम्मेदवार पृष्ठ २ मा

# विपद् व्यवस्थापनको उपाय खोज्न संकल्प प्रस्ताव



नेपालको भौगोलिक बनोटको अध्ययनले पनि कुन-कुन क्षेत्रमा खतरा छ र कति भौतिक तथा मानवीय क्षति हुन सक्छ भनेर आँकलन गर्न सकिन्छ । यसका लागि अध्ययन गरेर पूर्व तयारी गर्नुपर्नेमा जोड दिइएको छ ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, ७ साउन ।

वर्षातका समयमा धनजनको क्षेति अधिक भएपछि विपद् व्यवस्थापन र पूर्वतयारीको उपाय खोज्न प्रतिनिधि सभामा संकल्प प्रस्ताव लगिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसदहरूले विपद् व्यवस्थापन पुनरावलोकन, बृहत् गुरुयोजना निर्माण तथा स्वास्थ्य संकट पूर्वतयारीबारे जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गराएका हुन् ।

सोमबार रास्वपाका सांसद तोसिमा कार्कीको नेतृत्वमा गएको टोलीले उक्त प्रस्ताव पेश गरेका हुन् । उनीहरूले सभामुख देवराज घिमिरेलाई पनि सार्वजनिक महत्वको प्रस्ताव बुझाएका छन् ।

मनसुन सुरु भए लगत्तै विपद्का घटनाहरू देशभरी नै बढेका छन् । प्रस्तावमा उल्लेख भए अनुसार विगत पाँच वर्षमा मनसुनको समयमा विपद् बाट लगभग १५०० जना सर्वसाधारणले ज्यान गुमाएको सरकारी तथ्याङ्क छ । यो अवधिमा ५ अर्ब ९१ करोड बराबरको भौतिक संरचनाको समेत क्षति राज्यले व्यहोरेको छ । यस वर्षको राष्ट्रिय विपद् जोखिम पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
८ साउन २०८१, मंगलबार
23 July 2024, Tuesday

# सिद्धबाबा टनेल ३ सय मिटर खनियो, भौतिक प्रगति १५ प्रतिशत

**क्षितिज किरण/मध्यान्ह**
बुटवल, ७ साउन



सिद्धार्थ राजमार्गमा पर्ने सिद्धबाबा सुरुङ निर्माणको भौतिक प्रगति १५ प्रतिशत नाघेको छ । आयोजनाले सार्वजनिक गरेको पछिल्लो प्रगति प्रतिवेदन अनुसार सिद्धबाबाको मुख्य टनेल ३१६ मिटर खनिएको छ । यहाँ मुख्य टनेलको लम्बाइ ११ सय २६ मिटर रहेको छ । जसमध्ये उत्तरतर्फबाट १४२.५२ मिटर र दक्षिण तर्फबाट १७४.०८ मिटर खन्ने काम सम्पन्न भइसकेको आयोजनाले जनाएको छ ।

यस सुरुङमा कुल तीन वटा बाइपास (खुला स्थान) रहने छन् । जसमध्ये १५१ मिटर लामो बाइपास प्रथम ६८.३ मिटर, १६१ मिटर लामो बाइपास दोस्रो ६४.५ मिटर १३० मिटर लामो बाइपास तेस्रो ६२.४ मिटर खनिएको छ । टनेल लाइनिङको काम भने अझै सुरु गरिएको छैन । टनेलको लम्बाइ बराबर नै लाइनिङको काम समेत गर्नुपर्छ ।

स्लोप प्रोटेक्सनतर्फ दक्षिणी पोर्टलमा २३ सय वर्गमिटर काम गर्नुपर्नेमा १४९५ वर्गमिटरको काम सम्पन्न भइसकेको छ । उत्तरी पोर्टलमा ११ सय वर्गमिटर काम गर्नुपर्नेमा ४९५ वर्गमिटर काम भइसकेको छ । समग्रमा आयोजनाको भौतिक प्रगति १५.२० प्रतिशत पुगेको आयोजनाले जनाएको छ । वित्तीय प्रगति भने २३.८ प्रतिशत पुगेको आयोजनाको विवरणमा उल्लेख छ ।

सिद्धबाबामा सुरुङ खन्ने काम गत ४ माघदेखि औपचारिक रुपमा सुरु भएको हो । यो परियोजनाको निर्माणको काम चिनियाँ कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसन (सीएससीइसी) ले गरिरहेको छ ।

यस आयोजनामा कुल १ किलोमिटर १२६ मिटर लामो सुरुङसहित बुटवल र पाल्पातर्फको ७८० मिटर सडकमा दोहोरो लेन, स्लोप प्रोटेक्सनसहितको संरचना गरी कुल २.५९ किलोमिटर क्षेत्रमा भौतिक संरचना निर्माण हुँदैछ । पोखरासँग जोड्ने सुरुङमार्ग पूरा भएपछि सो क्षेत्रमा पहिरोको जोखिम घटाउने र स्थानीय आर्थिक विकासमा समेत योगदान पुग्ने अपेक्षा लिइएको छ । सिद्धबाबा सुरुङ आयोजनाको ठेक्का प्रक्रिया २०७८ सालमै सम्पन्न भएको हो । सीएससीइसीले इन्जिनियरिङ, प्रक्योरमेन्ट एन्ड कन्ट्रक्सन (इपीसी) मोडलमा सुरुङ मार्गको ठेक्का पाएको हो ।

यो आयोजना ७ अर्ब ३४ करोड २१ लाख रुपैयाँमा सम्पन्न गर्ने गरी ठेक्का लागेको हो । अहिले नारायणगढ-बुटवल सडक खण्डको कामको ठेक्का पाएकै कम्पनीले सुरुङ मार्ग बनाउन थालेको हो । यो सडक खण्डको काममा ढिलाइ गर्दा आलोचना बेहोरेको कम्पनीले अबको ४ वर्षभित्र सुरुङ मार्गको निर्माण सम्पन्न गरी हस्तान्तरण गर्नुपर्ने जिम्मेवारी छ ।

सिद्धबाबा सुरुङका लागि १ मंसिर २०७७ मा मन्त्रिपरिषद् बैठकले बजेट सहमति प्रदान गरेको थियो । ९ जेठ २०७८ मा सडक विभागले ग्लोबल टेन्डर मार्फत ठेक्का आह्वान गरेको थियो । सोही अनुसार कम बजेट प्रस्ताव गर्ने चिनियाँ कम्पनीले सुरुङ निर्माणको जिम्मेवारी पाएको हो । यसको निर्माण पश्चात् समेत सोही कम्पनीले ५ वर्षसम्म मर्मतको काम समेत गरिदिनुपर्ने सर्त छ । यो सडकखण्ड प्रयोग गरी गुल्मी, पाल्पा, अर्घाखाँची, स्याङ्जा, पोखरा, बागलुङ तथा म्याग्दीसम्म यातायातका साधन चल्ने गर्छन् । हरेक वर्ष जाने पहिरोले जनधनको क्षति पुऱ्याएसँगै सरकारले यहाँ सुरुङमार्ग निर्माणको निर्णय गरेको थियो ।

कस्तो बन्दैछ सुरुङ ?

आयोजनाका अनुसार यहाँ बुटवल र पाल्पा दुवैतर्फ जोखिमयुक्त सडकमा दुई लेनको सडक बनाइने छ ।

सडकको माथिल्लो भागमा सुरक्षा संरचनाहरू बनाइने छ । यसले सडक माथिबाट खस्ने ढुंगाहरूलाई सिधै तल झार्ने छ । यसरी कुल ३ किलोमिटर सडकलाई सुरक्षित गराउने योजना छ ।

सुरुङ मार्गको तीन स्थानमा खुला स्थान राखिने भएको छ । आकस्मिक घटना भइहालेमा सोही स्थानबाट उद्धारको काम हुनेछ ।

# डीआईजी जोशी एआईजीमा सिफारिस

**कृष्णानन्द भट्ट/मध्यान्ह**
काठमाडौं, ७ साउन

नेपाल प्रहरीको अतिरिक्त महानिरीक्षकमा डीआईजी रामदत्त जोशीलाई सिफारिस गरिएको छ ।

सोमबार बसेको बढुवा समितिको बैठकले हाल प्रहरी नायब महानिरीक्षक रहेका जोशीलाई एआईजीमा बढुवा सिफारिस गरेको हो । गत असार १८ गते एआईजी उमेशराज जोशी ५६ वर्षे उमेर हदकाकारण अवकास भएका थिए । उनी अवकासमा हुनुअघि नै



डीआईजी पोषराज पोखरेललाई असार १० गते बसेको बढुवा समितिको बैठकले डीआईजी पोखरेल बढुवा सिफारिस गरेको थियो । तर पछि मन्त्रिपरिषद बैठकले निर्णय नमानेका कारण उनी एआईजीको फुली लगाउन नपाउँदै डीआईजीबाट अवकास पाएका थिए । त्यसैले सोही रिक्त पदमा डिआइजी जोशीलाई बढुवा सिफारिस गरेको हो ।

डीआईजी जोशी कात्तिक १८ गते अवकास हुने छन् । हाल उनी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा प्रहरी कार्यालयका प्रमुख छन् ।

# पुष्पलाल स्मृति दिवसको अवसरमा वृक्षारोपण

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, ७ साउन

नेकपा एमाले कपिलवस्तुले बहादुरगंजमा वृक्षारोपण कार्यक्रम सम्पन्न गरेको छ । पुष्पलाल स्मृति दिवसको अवसरमा एक कार्यक्रमको आयोजनागरी कृष्णनगर नगरपालिकाको बहादुरगंजमा वृक्षारोपण गरेको हो । एमाले कपिलवस्तु कमिटीका अध्यक्ष बाबूराम खनालको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय कमिटी सदस्य गिरधारीलाल न्यौपानेको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा प्रदेशसभा सदस्य तथा लुम्बिनी प्रदेश सरकारका पूर्व वन तथा वातावरण मन्त्री अर्जुन कुमार केसी, नेकपा एमाले कृष्णनगर



कमिटीका इन्चार्ज शिव प्रसाद जयसवाल र केन्द्रीय नेता सुशील श्रीवास्तव लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि लालले बिरुवाबाट स्थानीयबासीहरुलाई फाइदा हुने बताउँदै यसले शुद्ध फलफुल खान समेत मिल्ने र मानव जीवनलाई अतिनै आवश्यक पर्ने अक्सिजनको खानिको रुपमा रहेको बताए ।

नेकपा एमाले कृष्णनगर कमिटीका इन्चार्ज शिव प्रसाद जयसवालले वृक्षारोपण गरिएको बिरुवालाई आफु र स्थानीयबासिहरु मिलि संरक्षण गर्ने बताए । कार्यक्रममा स्थानीय अगुवा नेता महेश जयसवाल, व्यापार संघ कपिलवस्तुका अध्यक्ष महादेव पोखरेल, बृजेश कुमार गुप्ता, पूर्व अध्यक्ष छबि लाल पोखरेल,जगदीश प्रसाद गुप्ता,शारदा शर्मा, बिजय गुप्ता, मनोज कुमार जयसवाल, खुम प्रसाद आचार्य, बिजयनगर गाउँपालिका उपाध्यक्ष लक्ष्मी कुमारी चौधरी,अटल यादव,सुशीला दरलामी,शंकर पाण्डेय, सीबि गहतराज लगायत नेताहरु र स्थानीयबासीको उपस्थिति रहेको थियो ।

**कोकिन...**

ब्युरोका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) दिनेश आचार्यका अनुसार उनी युगान्डाबाट कतार ट्रान्जिट भई नेपाल आएकी थिइन् ।

२०८१ जेठ २ गते युगान्डियन नागरिक लिल्लियन सुसान वान्येन्जी काठमाडौं-१७ ठमेलस्थित एक होटलबाट पक्राउ परिन् । उनको सुटकेसबाट प्रहरीले ६३ थान प्लाष्टिकले ऱ्यापिङ गरिएका कोकिनका क्याप्सुल बरामद गऱ्यो । एक किलो ३९४ ग्रामका क्याप्सुल ती महिलाले युगान्डाबाट निलेर आएकी थिइन् ।

दिसाबाट निकालेर अर्को व्यक्तिलाई जिम्मा लगाउने तयारी गरिरहेका बेला प्रहरीले उनलाई समातेको थियो । त्यो कोकिन लिन भारतीय नागरिक ३३ वर्षीया देवाजानी पाल ठमेलकै एक होटलमा आएर बसिरहेकी थिइन् ।

कोकिन लिएर नेपाल आउँदा पक्राउ परेका दुबै युगान्डियन नागरिक भरिया थिए । लागुऔषध कारोबारको अन्तर्राष्ट्रिय एजेन्टले भारतीय नागरिक पाललाई कोकिन बुझाउन भनेको अनुसन्धानबाट खुलेको आचार्य बताउँछन् । दुबै कोकिन २ किलो ६५४ ग्रामको अवैध बजार मूल्य ७ करोड ९६ लाख हुन आउँछ । यी तीन जना हिरासत पुगेको दुई दिन नबित्दै दुबईबाट काठमाडौं आएकी कङ्गोलिज नागरिक ४९ वर्षीय इकुत्सु एमबोङ्गो जेठ ४ गते ठमेलस्थित होटलबाट पक्राउ परिन् ।

कंगोबाट दुबई ट्रान्जिट हुँदै नेपाल आएकी उनको साथबाट प्लाष्टिकले ऱ्यापिङ गरिएका ८५ वटा क्याप्सुल (एक किलो १०१) ग्राम कोकिन बरामद भएको थियो । उनले पनि ती क्याप्सुल निलेकी थिइन् । दिसाबाट निकालेर संकलन गरी अर्कैलाई बुझाउने तयारी गरिरहँदा उनी पक्राउ परेकी थिइन् । उनले ल्याएको कोकिनको अवैध बजार मूल्य करिब ३ करोड ८५ लाख हुन आउँछ ।

ती महिला पक्राउ परेको २५ दिनपछि जेठ २७ गते ६८ वर्षीय तान्जानियन नागरिक डोनाल्ड ज्याक्सन मबुगा ठमेलकै एक होटलबाट पक्राउ परे । उनको पेटबाट ५९ वटा प्लाष्टिकले ऱ्यापिङ गरिएका एक किलो २०६ ग्राम कोकिनका क्याप्सुल निकालिएको थियो ।

प्रहरी अस्पतालमा लगेर उनले निलेका ती क्याप्सुल निकालियो । अनुसन्धानका क्रममा उनले इथियोपियाको आदिसअबाबामा कोकिनका क्याप्सुल निलेका थिए ।

त्यसको तीन दिनपछि जेठ ३० गते ब्राजिल हुँदै नेपाल आएकी बोलिभियन नागरिक ३३ वर्षीया लाउरा क्रुज टिकोना त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको आगमनतर्फबाट पक्राउ परिन् । उनको झोलामा महिलाले प्रयोग गर्ने १२१ वटा फेन्सी लुगा थिए । ती लुगाको बटनहरूभित्र लुकाएर ल्याइएको दुई किलो १०० ग्राम कोकिन बरामद भएको थियो ।

त्यसको दुई दिनपछि असार १ गते भेनेजुलियन नागरिक ३९ वर्षीय सिमन एन्टोनियो अल्फोन्जो राडा पक्राउ परे। काठमाडौं-२६ स्थित एक होटलमा बसिरहेको अवस्थामा उनलाई ब्युरोको टोलीले पक्राउ गरेको थियो। ब्राजिलको साउ पाउलो हुँदै कतार ट्रान्जिट भई काठमाडौं आएका उनको साथबाट ९२ वटा क्याप्सुल (१ किलो ११८ ग्राम) कोकिन बरामद भएको थियो ।

साउ पाउलोबाट क्याप्सुल निलेर हिँडेका उनले काठमाडौंमै दिसाबाट अनलोड गरी भारतीय नागरिकलाई बुझाउने तयारी गरिरहेका थिए। कोकिन लिन दिल्लीबाट २७ वर्षीय लालरुआत्साङ्गी नेपाल आएकी थिइन् । उनलाई असार ४ गते प्रहरीले पक्राउ गरेको थियो। प्रहरी वरिष्ठ उपरीक्षक आचार्यका अनुसार ती महिला दिल्लीबाट जहाजमार्फत् नेपाल आएकी थिइन् । उनी स्थलमार्ग हुँदै कोकिन भारत लैजाने तयारी गरिरहेकी थिइन् ।

यी फरक तीन वटा अपरेसनमा बरामद भएको कोकिनको परिमाण ४ किलो ५०४ ग्राम थियो र यसको अवैध बजार मूल्य १५ करोड ७६ लाख रुपैयाँ हुन आउँछ। यसैगरी, असार ९ गते एक किलो २४७ ग्राम कोकिनसहित दुई जना तान्जानियन नागरिक पक्राउ परे। ४६ वर्षीय रामाधानी सिम्बा एम्वाबुम्बा र ५२ वर्षीय टिवालिब किपेन्भु पासुवालाई ठमेलस्थित एक होटलबाट ब्युरोले पक्राउ गऱ्यो ।

कोकिनका ७२ वटा क्याप्सुल इथियोपियाको आदिसअबाबामा निलेर उनीहरू काठमाडौं आएका थिए। होटलमा पुगेपछि उनीहरूले दिसामार्फत् कोकिन निकालेका थिए।

त्यो कोकिनको अवैध नेपाली बजार मूल्य ४ करोड ३७ लाख रुपैयाँ हुन आउँछ। यस्तै, २०८१ साउन १ गते इन्डिगो एयरबाट मुम्बई हुँदै नेपाल आएका २३ वर्षीय भारतीय नागरिक फहिमुद्दिन नासिमुद्दिन अन्सारी र नाइजेरियन नागरिक ४४ वर्षीय इकेचुकवा सिरिल ओबोडोइफुला पक्राउ परे । काठमाडौं-२६ ठमेलस्थित एक होटलबाट र नाइजेरियन नागरिकलाई काठमाडौं महानगरपालिका-९ पिंगलास्थानबाट पक्राउ गरिएको ब्युरोले जनाएको छ ।

उनीहरूले १ किलो १०० ग्राम कोकिन कतारबाट लिएर आएको खुलेको छ । ज्याकेटभित्र लुकाएर ल्याइएको उक्त क्याप्सुल उनीहरूले निकालेर जुसको बट्टाभित्र राखेको अवस्थामा बरामद भएको थियो । उक्त कोकिनको अवैध बजार मूल्य करिब ३ करोड ८५ लाख हुन आउँछ ।यी फरक-फरक घटनामा अधिकांशले कोकिन निलेर ल्याएको देखिन्छ । दिसाबाट अनलोड गरी अर्को व्यक्तिलाई बुझाउने तयारी गरिरहँदा उनीहरू पक्राउ परेका छन् भने कतिपयको शारीरिक परीक्षण गरेर प्रहरीले कोकिनका क्याप्सुल निकालेको छ ।

झट्ट हेर्दा औषधीका जस्तै देखिन्छन् यी क्याप्सुल, फरक यत्ति छ, औषधीका क्याप्सुल मानिसको शरीरको तापक्रममा घुलनशील हुने किसिमले बनाइएका हुन्छन्, कोकिनका क्याप्सुल पेटमा पुगे पनि बिलिँदैनन् । किनभने, ती क्याप्सुल प्लाष्टिकले ऱ्याप गरिएका हुन्छन् ।

मानव शरीरको तापक्रमले प्लाष्टिकमा ऱ्यापिङ गरिएका क्याप्सुल पचाउन सक्दैन । यदि, एउटा मात्रै क्याप्सुल फुट्ने हो भने निल्ने मानिसको ज्यान खतरापूर्ण हुन्छ । २०८१ वैशाखयता बरामद भएको कोकिनको अवैध बजार मूल्य ३५ करोड ७९ लाख रुपैयाँ हुन आउँछ। यो करोडौंको कोकिन भरियाहरूले पेटमा निलेर आएको देखिन्छ । पछिल्लो तीन महिनायता दक्षिण अमेरिकी मुलुकबाट भरियाहरू कोकिन निलेर नेपाल आउने क्रम बढ्दो देखिन्छ । यस्ता क्याप्सुल निल्दा स्वास्थ्य जोखिम उच्च रहे पनि बेवास्ता गर्दै ती भरियाहरू पेटमा कोकिन बोकेर आइरहेकै देखिन्छन् ।

उनीहरूले जोखिम मोल्नुको कारण पैसा हो । पक्राउ परेका सबै भरियाहरू विपन्न वर्गका छन् । 'उनीहरूले एक किलो कोकिन क्याप्सुल निलेर नेपाल ल्याउँदा तीनदेखि चार हजार रुपैयाँ डलर बुझ्ने गरेको हाम्रो अनुसन्धानले देखाएको छ,' एसएसपी आचार्यको दाबी छ । कोकिन एक प्रकारको कडा लागुऔषध हो, जुन कोका बिरुवाको पातबाट रासायनिक प्रशोधनद्वारा तयार गरिन्छ । कोकिनको बिरुवा दक्षिण अमेरिकी मुलुकका पहाडी र जंगल क्षेत्रमा पाइन्छ । मुख्यतया पेरु, कोलम्बिया, बोलिभिया र चिलीको दक्षिणी भेगमा कोकिन प्रशोधन गरिन्छ । पश्चिमी मुलुकबाट भरियामार्फत् पठाइने कोकिन नेपाल ट्रान्जिट भएर दक्षिण एसियाली मुलुक भारततर्फ तस्करी भइरहेको दाबी प्रहरीको छ । कोकिन लागुऔषध सम्भ्रान्तहरूले प्रयोग गर्छन् । कोकिन एक ग्राम ३५ देखि ४० हजार रुपैयाँसम्म पर्ने प्रहरीको दाबी छ ।

नेपालमा कोकिन प्रयोग गर्ने व्यक्ति प्रहरीले अहिलेसम्म पत्ता नलागेको दाबी गर्दै प्रहरी यसको बजार भारत नै रहेको बताउँछ । कोकिन पठाउने अन्तर्राष्ट्रिय संगठित समूहले भारत तस्करीका लागि भरियाहरू खटाइरहेको दाबी प्रहरीले गरेको छ । अहिलेका अधिकांश घटनामा भरियाहरूबाट कोकिन बुझ्न भारतीय नागरिक नेपाल आइरहेको प्रमाणित नै भएको एसएसपी आचार्य बताउँछन् । 'कोकिन कारोबारका संगठितहरूले भार तसम्म पुऱ्याउने सुरक्षित स्थान नेपाल ठानिरहेका छन्,' आचार्य भन्छन्, 'यसका केही कारणहरू पाइन्छन्, हामी कारण पहिचान गरी नियन्त्रण र रोकथाम गर्न लागिपरेका छौं ।'

**नेपालसँग...**

दोस्रो, भारतसँग जोडिएको नेपालमा खुला सिमाना छ । खुला सिमानाको फाइदा उठाउँदै भारतीयहरू स्थलमार्गबाटै कोकिन आफ्नो देशमा पुऱ्याउन सहज ठानिरहेका छन् । तेस्रो, औषधीजन्य लागुऔषधबाहेक नेपाल सरकारसँग लागुऔषध तस्करी नियन्त्रण गर्ने ठोस योजना छैन । गृह मन्त्रालयका अनुसार नेपालमा औषधीजन्य लागुऔषध प्रयोगकर्तालाई सुधार्न सुधारात्मक कार्यक्रममा यस वर्षदेखि मात्रै बजेट छुट्याइएको छ । लागुऔषध ओसारपसार हुने तराईका जिल्लामा कडा निगरानी गर्न प्रहरीलाई निर्देशन दिइएको छ ।

गृह प्रवक्ता नारायणप्रसाद भट्टराई यस वर्षदेखि औषधीजन्य लागुऔषध नियन्त्रणका लागि प्रत्येक जिल्ला हेरेर दुईदेखि पाँच लाख रुपैयाँ बजेट छुट्याइएको बताउँछन् ।

'कम प्रयोग र ओसारपसार हुने जिल्लामा दुई र बढी प्रयोग हुने जिल्लामा पाँच लाख रुपैयाँसम्म बजेट सुधारात्मक अभियानका लागि छुट्याइएको छ,' भट्टराई भन्छन् ।

यसअघि गृह मन्त्रालयले लागुऔषध नियन्त्रण अभियानका लागि बजेट छुट्याउँदैन थियो । प्रहरीले आफ्नै पहलमा सरोकारवालासँग बजेट मागेर कार्यक्रम चलाउँथ्यो ।

पश्चिमा मुलुक हुँदै नेपाल आउने महंगो लागुऔषध नियन्त्रणबारे गृहसँग योजना छैन । ब्युरो प्रमुख आचार्यका अनुसार लागुऔषधका अन्तर्राष्ट्रिय कारोबारीबारे सूचना संकलन गर्न प्रहरी एक्लाएक्लै जोखिमपूर्ण तरिकाले प्रयोगकर्ताको भेषमा परिचालन भइरहेका छन् । त्यस्ता कारोबारीको प्रहरीभन्दा धेरैगुणा अगाडि छन् । ब्युरोसँग आफू बस्ने कार्यालय नै भाडाको छ । दैनिक प्रशासनिक कार्यको संरचनात्मक सुधारका निम्ति स्रोतसाधनकै अभाव रहेको आचार्य बताउँछन् । सूचना संकलनका लागि चाहिने बजेटसमेत अरू निकायलाई मागेर चल्नुपर्ने बाध्यता छ। पछिल्लो दुई वर्षमा वर्षमा नेपालमा कोकिन बरामदको तथ्यांक उच्च छ । यसले नेपाल कोकिन ट्रान्जिटको लागि अनुकूल बन्दै गएको विश्लेषण गरिएको छ । आर्थिक वर्ष २०७९/८० मा १५ किलो कोकिन बरामद भएको तथ्यांक प्रहरीसँग छ । गत आर्थिक वर्ष २०८०/८१ मा ११ किलो कोकिन बरामद भएको देखिन्छ । उक्त आर्थिक वर्षको वैशाख, जेठ र असार महिनामा मात्रै ७ किलो ४५९ ग्राम कोकिन बरामद भएको देखिन्छ । आर्थिक वर्ष २०७६/७७ सालमा १५ किलो कोकिन बरामद भएको तथ्यांक छ । यो तथ्यांक २०७७/७८ सालमा आइपुग्दा १ किलोमा झरेको छ । २०७७/७९ मा जम्मा दुई किलो बरामद भएको देखिन्छ।

यी दुई आर्थिक वर्षमा कोकिन बरामद घट्नुको कारण प्रहरी सक्रियता र कारोबार नहुनु दुवै कारण भएको हुन सक्ने ब्युरोका अधिकृतहरू बताउँछन् ।

'सक्रियता नभएर पनि हुनसक्छ वा तस्करी नै नभएर पक्राउ नपरेको हुनसक्छ, यसमा फरक-फरक परिस्थिति हुन्छन्,' आचार्य भन्छन्, 'ठ्याक्कै यही कारण हो भनेर म किटान गर्न सक्दिनँ।'

**पक्राउ...**

आचार्य भन्छन्, 'कोही अन्तर्राष्ट्रिय कारोबारी पहिचान भयो नै यदि भने पनि हामीले डिप्लोमेटिक च्यानलबाट त्यहाँको सुरक्षा निकायलाई जानकारी पठाइदिने हो ।'त्यस्तो कारोबारी पत्ता लागेको खण्डमा अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल)मा जानकारी दिने चलन रहेको आचार्यले बताए ।

सुरक्षा निकायका विज्ञहरूका अनुसार कोकिन महंगो लागुऔषध भएकाले नेपालमा प्रयोग गर्ने जमात छैन भनिएको हो। नेपालमा अधिकांश प्रयोगकर्ताहरू औषधीयजन्य लागुऔषध सेवन गर्छन् । कोकिन पहिले-पहिले युरोपियन मुलुकमा बढी जाने गरेको थियो । अहिले भारतमा जान्छ । 'भारत जानुको कारण त्यहाँको अर्थतन्त्र बलियो बन्दै गएको हो । अमेरिका वा युरोपमा बसेर आउने-जाने त्यहाँ बढी छन्। अमेरिका वा युरोपमा लत लागेर फर्किएकाहरूले त्यही लागुऔषध खोज्छन्,' पूर्वडिआइजी हेमन्त मल्ल ठकुरी भन्छन् । भारत जाने गरेको लागुऔषध नागाल्याण्ड हुँदै थाइल्याण्ड पुग्ने सम्भावना रहने मल्ल औंल्याउँछन् ।

नेपाल ट्रान्जिट बनाएर कोकिन तस्करी हुँदा यसका असर धेरै हुने बताउँछन् । यहाँ ट्रान्जिट भएर विदेशिँदा कोकिनको केही मात्रा बाँकी रहन्छ भन्ने विश्लेषण मल्लको छ। त्यो कोकिन नेपालका सभ्रान्तहरूकहाँ पुग्न सक्छ ।

दोस्रो, नेपालमा संगठित अपराधीहरूको जालो बढ्न सक्छ । ठूलो खालका तस्करहरूको सरोकार र संलग्नता बढ्न सक्छ ।

त्यस्ता तस्करहरूले फाइदा देखेर नेपालीलाई कारोबारमा संलग्न गराउने जोखिम रहन्छ । त्यस्तो अपराध बढ्दा नेपालमा आर्थिक-सामाजिक दुबै जोखिम हुन्छ । सुरक्षा चुनौती बढ्नुका साथै देशको विश्वसनीयतामा ह्रास आउँछ। साथै, अन्तर्राष्ट्रिय माफियाहरूको 'प्ले ग्राउन्ड' बन्ने जोखिम हुन्छ, अनौपचारिक आर्थिक कारोबार बढ्न सक्छ । 'प्रहरीले गर्ने अनुसन्धान उधारोमा हो, जबसम्म माइन्ड सेटमा राखेर लागुऔषध नियन्त्रणबारे नीति-कार्यक्रम बन्दैनन्, समस्या झन् बढ्दै जान्छ,' पूर्वडिआइजी मल्लको तर्क छ, 'लागुऔषधमा हुँदा सूचना संकलनका लागि अमेरिकासँग आर्थिक सहयोग लिने गरिन्थ्यो । त्यो विभागलाई अनौपचारिक रूपमा जानकारी भएरै हुन्थ्यो । अहिले त्यो सहयोग छैन ।' पूर्वगृहमन्त्री रवि लामिछानेले आफ्नो एक सय दिनको कार्यसम्पादन सार्वजनिक गर्दा लागुऔषध नियन्त्रण ब्युरोले मात्रै २०८० असारदेखि चैतसम्म लागुऔषध सम्बन्धी कसुरमा ३ हजार १५७ फौजदारी मुद्दा अदालतमा दायर गरेको उल्लेख छ । गृह मन्त्रालयले २०७६ मा प्रकाशन गरेको एक प्रतिवेदन अनुसार देशभर करिब एक लाख ३० हजार ४२४ जना लागुऔषध प्रयोगकर्ताहरू थिए । तीमध्ये सात प्रतिशत महिला प्रयोगकर्ताहरू पाइएको थियो । त्यसयता गृह मन्त्रालयले नेपालमा कति लागुऔषध प्रयोगकर्ता छन् यकिन गर्न सकेको छैन । उक्त सर्वेक्षणमा नेपालमा लागुऔषध प्रयोगकर्ताहरूको संख्या २०६३ सालको पहिलो सर्वेक्षणको तुलनामा तीन गुणाले बढेको र प्रत्येक वर्ष ५.०६ प्रतिशतको दरले बढेको देखाइएको थियो ।

छ वर्ष बित्दा यो तथ्यांक उल्लेख्य बढेको प्रहरीको आँकलन छ। प्रहरीले तीन लाखभन्दा बढी लागुऔषध प्रयोगकर्ता रहेको आशंका गरेको छ । केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्की लागुऔषध प्रयोगकर्ताबारे नयाँ सर्वेक्षण छैन । तर, लागुऔषध बरामद र कारोबारको स्थिति आँकलन गर्दा प्रयोगकर्ता बढेको भन्न सकिन्छ । 'अहिले स्कुल, कलेजमै लागुऔषधको प्रयोग बढेको देखिन्छ, लागुऔषध प्रयोगमा एडल्टहरू बढेको देखिन्छ,' उनले भने ।

**संसदमा...**

उनले सरकारले बजेटमा घोषणा गरेको गण्डकी त्रिभुज आयोजना अन्तर्गत बुटवल, पोखरा राजमार्ग दुई लेन बनाउने भनिएको तर त्यो काम कहिले सुरु गरेर कहिले सक्ने लक्ष्य छ भनेर सोधेका थिए । यसको जवाफ दिनुपर्ने प्रधानमन्त्री अन्यत्रै मोडिएपछि नेकपा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले नियमापत्ति गरे । उनले सोधे, 'प्रधानमन्त्रीले कुन चाहिँ सन्दर्भमा बोल्दै हुनुहुन्छ, यो चाहिँ सभामुखले रुलिङ गर्नुपर्छ होला, उहाँ प्रश्न उत्तरमा हुनुहुन्छ ।' त्यसपछि सभामुखले भने, 'माननीय ज्यू आसनग्रहण गरौं, मैले त्यतै लान कोशिस गरिरहेको छु ।'

तर प्रधानमन्त्रीले आफू प्रश्नोत्तरमै रहेको र उठेका प्रश्नको जवाफ दिइरहेको जवाफ दिए । त्यसपछि संसदमा केही होहल्ला भयो, एमाले प्रमुख सचेतक महेश बर्तौला पनि उठेर सभामुखसँग समय मागे । तर सभामुखले कसैलाई समय दिएनन् ।

उनले माओवादी सांसद पुनलाई बस्न आग्रह गरे र प्रधानमन्त्रीलाई 'विषय केन्द्रित भएर अगाडि बढ्न निर्देश' गरे ।

तर, प्रधानमन्त्री ओलीले भने आफू विषयमा नै केन्द्रित रहेको बताए ।

'म बिल्कुल विषय केन्द्रित छु । संसदमा उठेका प्रश्नहरुको लिखितको जवाफ दिनुपर्ने त्यो भन्दा अगाडि अलिखित नै बीचमा, बाटैमा नै आइपुग्यो । त्यसकारण यसो नगरौं भन्ने मात्र मेरो आग्रह हो', उनले भने ।

प्रधानमन्त्रीले आफूमाथि उठेका प्रश्नको जवाफ दिनुलाई अन्यथा लिन मिल्दैन् । तर, फरक समय, सन्दर्भमा जवाफ दिन हतारिनु र त्यसत्रममा कडा शब्द प्रयोग गर्नुले प्रधानमन्त्री ओली आफूमाथि उठ्ने प्रश्नहरूप्रति कति जिम्मेवार हुन्छन् भन्ने संकेत गरेको सांसदहरू बताउँछन् ।

**संख्या...**

राणा देउवालाई छुट्टाछुट्टै भेटेर वार्षिक सय जना कामदार पठाउन नपाएका वैदेशिक रोजगार व्यवसायीहरूको इजाजत नवीकरण रोकिएर उत्पन्न समस्याको विषयमा ध्यानाकर्षण गराएको छ ।

एशोसिएसन प्रतिनिधिमण्डलको भेटमा गृहमन्त्री लेखकले संख्या सय समस्याको बारेमा आफू जानकार रहेको भन्दै समाधानका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीसँग समन्वय गर्ने आश्वासन दिएको एशोसिएसनका अध्यक्ष दीपक थापाले बताए । थापाले गृहमन्त्री लेखक र परराष्ट्रमन्त्री देउवालाई छुट्टाछुट्टै भेटेर व्यवसायीको इजाजत नवीकरण नहुनुको कानूनी र प्राविधिक पक्षबारे ध्यानाकर्षण गराएको बताए ।

भेटघाट र छलफलको संयोजन नेपाली कांग्रेसको वैदेशिक रोजगार समन्वय तथा आप्रवासन विभागका संयोजक तथा पार्टीका केन्द्रीय सदस्य प्रकाश रसाइली 'स्नेही'ले गरेका थिए । एशोसिएसनका महासचिव महेश कुमार बस्नेतले गृहमन्त्री लेखकसँगको सोमबारको छलफल र पाएको आश्वासनले इजाजत नवीकरण गर्न नपाएका करिब २ सय ५० भन्दा बढी संस्थाका संचालकहरुलाई 'व्यावसायिक रक्तसंचार' प्राप्त भएको उल्लेख गरे ।

समितिले परराष्ट्रमन्त्री देउवालाई आन्तरिक रोजगारीको समस्या झेलिरहेको नेपालका लागि वैदेशिक रोजगार महत्वपूर्ण क्षेत्र सावित भएको अवस्थामा मध्यपूर्वका खाडी मुलुक र मलेसियाका अतिरिक्त युरोपियन मुलुकमा रहेका कूटनीतिक नियोगहरुको क्षमता अभिवृद्धिका साथै दूतावास नभएका मुलुकहरुमा काउन्सिलरको स्थापना गरी वैदेशिक रोजगार व्यवसाय र कामदारको बृहत्तर हितका लागि काम गरिनुपर्ने विषयमा ध्यानाकर्षण गराएको छ । एशोसिएसनका महासचिव बस्नेतका अनुसार छलफलमा नेपाली कामदार जाने सबै मुलुकमा मागपत्र प्रमाणीकरणमा सहजीकरण गराउने सम्बन्धमा तदारुकता ल्याउन माग गरिएको छ ।

जवाफमा परराष्ट्रमन्त्री देउवाले कामदार तथा व्यवसायीको हितमा नेपाली नियोगहरूलाई थप सक्रिय बनाउने आफ्नो योजना सुनाएकी थिइन् । दुवै मन्त्रालयका छलफलमा विभाग प्रमुख रसाइलीसहित एशोसिएसन अध्यक्ष थापा, महासचिव बस्नेत, विभाग सदस्यहरू सञ्जय पनेरू, देवकुमार खोखाली, समिति संयोजक विनोदजंग केसी, सदस्यहरूमा हिमा गुरूङ, रोशना निरौला, देउ प्रसाद गौतम, कुवेरसिंह कोइराला (पंकज), अमर प्रकाश तिवारी, एशोसिएसनका पूर्वअध्यक्ष किरणकिशोर घिमिरे, व्यवसायी राधिका कटुवाल, कार्यसमिति सदस्य सविन गौतम, रोशना निरौलालगायत उपस्थित थिए ।

**मञ्च...**

भेटेर हाल वैदेशिक रोजगार क्षेत्रमा देखिएका समस्याको सम्बन्धमा बृहत् छलफल गर्दै नीतिगत सुधारका लागि प्रधानमन्त्रीलाई सुझाव पेस गर्न अनुरोध गरेको छ । लिखित सुझावसहित गएको प्रतिनिधिमण्डलले सय संख्याको बाध्यकारी प्रावधानका कारण व्यवसायीको इजाजतपत्र नवीकरण हुन नसकेकाले उनीहरू संविधान प्रदत्त पेशा व्यवसायको अधिकारबाट वञ्चित भएको विषयमा पनि ध्यानाकर्षण गराएको छ ।

त्यसैगरी मञ्चले युरोपेली मुलुकमा मागपत्र प्रमाणीकरण सहज नहुँदा सुरक्षित गन्तव्य मुलुकसहित जापान, कोरियाजस्ता मानव अधिकार तथा सेवा सुविधा सम्पन्न देशहरुमा कामदार पठाउन नसक्दा मध्यपूर्व र मलेसियासहित तुलनात्मकरुपमा बढी जोखिम र कम पारिश्रमिक पाउने मुलुकमा पठाउन बाध्य भएको अवस्थाका बारेमा पनि सल्लाहकार रिजालको ध्यानाकर्षण गराएको अध्यक्ष रावलले बताए ।

खाडी र मलेसियामा मात्र बजार सीमित रहेको र शैक्षिक परामर्शदाता, बिचौलिया तथा गैरव्यवसायीले असुरक्षित बाटोबाट कामदार पठाइरहेकोले जोखिम बढेको, सेवा शुल्कसम्बन्धी व्यवस्था अव्यवहारिक भएकाले बेथिति बढेकोलगायतका विषयमा मिहिनढंगले अध्ययन गरी व्यवस्थित बनाउनु वर्तमान सरकारको प्रमुख जिम्मेवारी रहेको विषय अवगत गराएको पनि अध्यक्ष रावलले बताए ।

मञ्चले यसअघि प्रधानमन्त्री केपी शर्मा ओलीलाई बधाई दिने क्रममा नै तत्कालीन श्रममन्त्री अर्यालले मन्त्रिपरिषद्मा पुगेको प्रस्ताव फिर्ता लिएका कारण २ सय ५० बढी व्यवसायीको इजाजत नवीकरण नभएको बारेमा ध्यानाकर्षण गराएको थियो । प्रतिनिधिमण्डलमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका तर्फबाट संघका प्रथम उपाध्यक्ष डिक बहादुर खत्री (कुमार)सहित मञ्चका पदाधिकारी तथा सदस्यहरूको सहभागिता रहेको थियो ।

**इजरायलले ...**

र एक हजार वैकल्पिक गरी दुई हजार नेपाली लैजाने सहमति भएको हो ।

छनोट हुने मध्ये ६० प्रतिशत महिला र ४० प्रतिशत पुरूष हुनेछन् । इजरायलमा नेपाली केयर गिभरको तलब २ लाख १० हजार छ भने शुरूमा करार अवधि १ वर्षको भए पनि करार अवधि थप गर्दै ५ वर्षसम्म बस्न पाइने भएकाले खाडी तथा मलेसियाको तुलनामा उक्त मुलुकको रोजगारीमा अत्यधिक आकर्षण देखिने गरेको छ ।

राजदूत गोल्ड बर्गरले इजरायलले केयर गिभर मात्रै नभइ भविष्यमा कृषि कामदार लैजाने विषयमा नेपाललाई उच्च प्राथमिकतामा राख्ने जानकारी दिएको पनि मन्त्रालयले जनाएको छ ।

इजरायल जान चाहनेहरू हाल राजधानीका विभिन्न न्स्टिच्युटमा अंग्रेजी र हिब्रु भाषाको कक्षा लिइरहेका छन् । कतिपय इन्स्टिच्युट सञ्चालकले वैदेशिक रोजगार विभागका अधिकृतहरूको नाम जोडेर इजरायलको रोजगारी पक्का भन्दै मोटो रकम उठाएको सार्वजनिक भएपछि विभागले छनोट प्रक्रियामा योग्यतामा आधारित पूर्णतः निष्पक्ष हुने भन्दै पास गराउने वा इजरायल पठाउने भन्दै रकम माग गर्नेहरूका विरूद्ध विभाग वा श्रम मन्त्रालयको कल सेन्टरमा उजुरी दिन पनि आग्रह गरेको छ । यसैगरी श्रममन्त्री शरतसिंह भण्डारीसँग अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)को नेपाल निर्देशक नुमान ओज्कानले सोमबार नै मन्त्रालयमा शिष्टाचार भेट गरेका छन् ।

भेटमा श्रम आप्रवासनका विविध विषयमा विचार विमर्श भएको भन्दै मन्त्री भण्डारीले व्यवसायजन्य सुरक्षा, बालश्रम निवारण तथा मर्यादित कामका क्षेत्रमा आईएलओले गरेको सहयोगप्रति आभार व्यक्त गर्दै आगामी दिनमा सहयोग निरन्तर रहने विश्वास व्यक्त गरे । आईएलओका नेपाल निर्देशक ओज्कानले नेपाल आइएलओको 'गभर्निङ बडी'मा निर्वाचित भएकोमा बधाई दिए ।

**विपद्...**

न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणको प्रतिवेदन अनुसार २०८१ साल जेठ २८ गते मनसुन प्रवेश गरेपछि २०८१ असार २५ सम्मको १ महिनाको समयमा कूल ६८२ मनसुन जन्य विपद्का घटना घटेका भएका छन् । जसमा ६९ जनाको मृत्यु भएको छ, ४ जना वेपत्ता भएका छन् भने ८९ जना घाईते भएका छन्, कूल १२६४ परिवार प्रभावित भएका छन् ।

नेपालको भौगोलिक बनोटको अध्ययनले पनि कुन कुन क्षेत्रमा खतरा छ र कति भौतिक तथा मानवीय क्षति हुन सक्छ भनर आकलन गर्न सकिन्छ । यसका लागि अध्ययन गरेर पूर्व तयारी गर्नुपर्नेमा जोड दिइएको छ ।

विपद् व्यवस्थापनका लागि कानुन, रणनिति, कार्ययोजना, कार्यढाँचा नबनेका होईनन् । यस वर्ष पनि मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८१ बनाईएको छ । जसमा हरेक प्रदेशमा हुन सक्ने मनसुन जन्य क्षतिको बारेमा आँकलन पनि गरिएको छ । तर हुन सक्ने क्षतिको लागी सहि समयमा तयारी गर्न नसक्दा द्रुत सुविधा, तयारी रेस्क्यू समुह तथा आवश्यक उपकरण र व्यवस्थापनको अभावमा जनता पिडित हुन पुगेको बताइन्छ । विपद् व्यवस्थापनको पाटो सँगसँगै पानीबाट सर्ने रोगहरू, मनसुनज्य रोगहरू र भेक्टरजनित सङ्क्रमण तथा माहामारी पनि समस्याका रुपमा देखिन सक्छ । विगतका वर्षमा पनि मनसुन सगैँ माहामारी फैलने गरेका थिए । वर्षासँगै विभिन्न किटाणुहरूको सङ्क्रमण अझ बढ्ने हुदा देशभर नै झाडापखाला, हैजा, डेंगु, टाइफाइड, जन्डिस हेपाटाइटिस ए र ई, निमोनिया, आँखा पाक्ने, औलो, कालाजार, ज्वरो, स्क्रब टाइफस, रुघाखोकी, छालाको समस्या, पेटको संक्रमण, जस्ता बिरामी देखिन सक्छन् ।


## साउदीमा रोजगार

कम्पनी: ELEGANCIA ARABIA TRADING COMPANY W.L.l
शहर: Saudi Arabia,Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०४/०७ | चलानी नं.: ६०२२२५३६ | L.T. No.: 307827

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 50 | 0 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: ELEGANCIA ARABIA TRADING COMPANY W.L.L
शहर: Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०४/०७ | चलानी नं.: ६०२२२५४२ | L.T. No.: 307826

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: ELEGANCIA ARABIA TRADING COMPANY W.L.L
शहर: Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०४/०७ | चलानी नं.: ६०२२२५३५ | L.T. No.: 307825

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labor | 70 | 0 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: SAHARA ONAIZAH FOUNDATION FOR MAINTENANCE AND CLEANING
शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०४/०७ | चलानी नं.: ६०२२२५३४ | L.T. No.: 307824

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 9 | 0 | स. काममा दक्ष | 1500 | ५३,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन १५ गते (30 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

ADVANCED MANAGEMENT CONSULTANTS
"manpower supply & recruitment consultant"
Govt. Lic ense No.: 1470/074 /075
TOP1 (FY 2020-2021) | TOP 11 (FY2021-2022) | ISO 9001:2015

एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.
Samakhushi-26, Kathmandu, Nepal | 01-4964211, 4974211
info@amgroup.com.np | www.amgroup.com.np
Talk with AMC Representative: 9801080183, 9801029663, 9801044493, 9801021737, 9801080059, 9801044492, 9817002440, 9801080096

# लुम्बिनीको मुख्यमन्त्रीमा आचार्य नियुक्त

## कांग्रेसबाट ५, एमालेबाट ३ मन्त्री बन्ने

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
बुटवल, ७ साउन



लुम्बिनी प्रदेशको मुख्यमन्त्रीमा नेकपा एमालेका नेता चेतनारायण आचार्य नियुक्त भएका छन् । प्रदेश प्रमुख अमिक शेरचनले एमाले संसदीय दलका उपनेता आचार्यलाई संविधानको धारा १६८ को २ अनुसार मुख्यमन्त्री नियुक्त गरेका हुन् ।

लुम्बिनी प्रदेशको छैठौं मुख्यमन्त्री बनेका आचार्यलाई एमालेका २९ र कांग्रेसका २७ सहित ५६ सांसदको समर्थन छ । ८७ सदस्यीय प्रदेशसभामा सरकार गठनको लागि ४४ मत चाहिन्छ ।

अर्घाखाँची निर्वाचन क्षेत्र नं. १ 'क' बाट प्रदेश सभा सदस्यमा दोस्रो कार्यकालका लागि निर्वाचित नवनियुक्त मुख्यमन्त्री आचार्यले बुधबार पद तथा गोपनियताको सपथग्रहण गर्ने कार्यतालिका छ । मुख्यमन्त्रीसहित एमाले र कांग्रेका मन्त्रिहरुले पनि सपथ ग्रहण गर्ने गरी मुख्यमन्त्री आचार्यले सपथ लिने भएका हुन् ।

एमालेबाट मुख्यमन्त्रीसहित चार र कांग्रेसबाट पाँच जना गरी ९ जना मन्त्रिले बुधबार सपथ ग्रहण गर्ने छन् । बाँकी तीन जना मन्त्रिपछि अन्य दलहरुबाट समेत नियुक्त गर्ने कांग्रेस-एमालेको तयारी छ ।

बुबा टिकाराम आचार्य र आमा तारादेवी आचार्यको माइलो सन्तानको रुपमा वि.सं. २०२५ साल जेठ २१ गते अर्घाखाँचीको सन्धिखर्क-९ अँधेरीमा जन्मिएका आचार्यले कानून विषयमा स्नातक गरेका छन् । २०३५ सालमा सिद्धार्थ माध्यममिक विद्यालय हंसपुर अध्ययन गर्दै गर्दा विद्यार्थी राजनीतिमा होमिएका आचार्य अनेरास्ववियूको प्रारम्भिक कमिटीको अध्यक्षबाट राजनीति शुरु गरेका थिए ।

विद्यार्थी राजनीतिसँगै जिल्ला सदस्य हुँदै बुटवल बहुमुखी क्याम्पसमा अध्यक्षको जिम्मेवारी सम्हालेका थिए । २०४६ सालमा ईलाका कमिटी सदस्य, २०४७ सालमा पार्टी जिल्ला कमिटी सदस्य तथा सचिवालय सदस्य भएका आचार्य २०५४ सालमा पार्टी जिल्ला सचिव (जिल्ला पार्टी प्रमुख) भएर ११ वर्ष काम गरेपछि २०६५ सालमा अञ्चल कमिटी सदस्य हुँदै पुनः २०६९ सालमा पार्टीको अर्घाखाँची जिल्ला अध्यक्ष भएर ९ वर्ष काम गरेका थिए ।

२०७८ सालमा पार्टीको केन्द्रीय सदस्य भएका आचार्य अहिले दाङ जिल्ला इन्चार्जको जिम्मेवारीमा छन् । यसअघि शंकर पोखरेल नेतृत्वको प्रदेश सरकारमा आन्तरिक मामिला तथा कानूनमन्त्री, त्यसपछि एमाले नेता लिला गिरी नेतृत्वमा बनेको सरकारमा उनी ग्रामीण खानेपानी तथा सहरी विकास बनेका थिए ।

माओवादी नेता जोख बहादुर महराको नेतृत्वमा बनेको सरकारमा आर्थिक मामिला तथा योजना मन्त्री थिए ।

क्यान्सर, मिर्गौला लगायतका घातक रोगलाई परास्त गर्न सफल भएका आचार्य नेताको रुपमा परिचित छन् । एमाले लुम्बिनी प्रदेश संसदीय दलका नेता लिलागिरी मुख्यमन्त्री बन्ने समयमा आलोपालो मुख्यमन्त्री बन्ने सहमति भएकोले अहिले उपनेता मुख्यमन्त्री बनेको एमाले नेताहरुको भनाइ छ ।

मुख्यमन्त्रीको सपथ ग्रहण बुधबार हुने भएपनि कांग्रेस, एमालेका नेताहरुले अन्य मन्त्रीहरुको नाम टुंगो लगाउन सकेका छैनन् । कांग्रेसबाट मन्त्री बन्ने सांसदहरुको दौडधुप बढेको छ ।

कांग्रेसबाट राजु खनाल, जन्मजय तिमिल्सिना, रोज राणा, निमा गिरी, बिरबहादुर राना, धनलक्ष्मी श्रेष्ठ लगायत सांसदहरुको नाम चर्चामा छ । राजु खनाल, रोज राणा र बीरबहादुर राना यसअघि मन्त्री भएका नेता हुन् । नेकपा एमालेबाट भोज प्रसाद श्रेष्ठ अर्जुन केसी बिष्णु पन्थी लगायतका नेताहरु मन्त्री बन्ने चर्चा छ । मंगलबार दिनभरिमा मन्त्रीहरुको टुंगो लाग्ने नेताहरुले बताएका छन् ।

# पुल निर्माण भएको एक महिना नबित्दै चर्कियो

**घुरन यादव/मध्यान्ह**
सप्तरी, ७ साउन



सप्तरीको बोदे बरसाइन नगरपालिका वडा नं. ६ स्थित कटहा पुल निर्माण कार्यमा अनियमितता भएको गुनासो बढेको छ । पुल निर्माण सम्पन्न भएको एक महिना नबित्दै पुल चर्किएपछि निर्माण कार्यमा अनियमितता भएको स्थानीयहरुले गुनासो गरेका हुन् ।

१८ लाख रुपयाँ लागतमा निर्माण भएको उक्त पुल एक महिनामै चर्किएको स्थानीयहरु बताउँछन् । पुल निर्माणमा कमसल रड तथा सिमेन्ट प्रयोग गरेका कारण एक महिनामै पुल चर्किएको स्थानीयहरुको भनाइ छ ।

पुल निर्माण भएपछि आवतजावतमा सहज हुँदा हर्षित भएका स्थानीय नयाँ पुल नै चर्किएर भत्किन लागेपछि पुनः सास्ती व्यहोर्नुपर्ने चिन्तामा छन् । पुल निर्माणमा लापरबाही गर्नेलाई तत्काल कानूनी कारबाही गर्नुपर्ने स्थानीयहरुको माग छ ।

# कार दुर्घटना हुँदा पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष बन्जारा घाइते

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ७ साउन



नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जारा सवार कार दुर्घटनामा परेको छ । बाराको सिमराबाट वीरगञ्ज जाँदै गरेको प्र.३-०१-०२४ छ १८६५ नम्बरको कारलाई त्यही दिशाबाट वीरगञ्ज जाँदै गरेको मालबाहक ट्रकले ठक्कर दिँदा कारमा सवार बन्जारासहित दुई जना घाइते भएका छन् । टायर पड्किएर अनियन्त्रित हुँदा ट्रकले कारलाई ठक्कर दिएको हो । ट्रक चालकसहित ट्रक प्रहरीको नियन्त्रणमा रहेको र दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# राहदानी विभाग र फ्रान्स दूतावासको टोली पोर्चुगल आउँदै

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, ७ साउन



पोर्चुगलमा राहदानीसम्बन्धी समस्यामा परेका नेपालीलाई सेवा दिन राहदानी विभाग काठमाडौं र फ्रान्सस्थित नेपाली दूतावासको संयुक्त टोली पोर्चुगल आउने भएको छ ।

राजधानी लिस्बनमा घुम्ती सेवा शिविर सञ्चालन गरेर विद्युतीय राहदानी (ई-पासपोर्ट)का लागि दरखास्त संकलन गर्न विभाग र दूतावासको संयुक्त टोली पोर्चुगल आउने भएको हो । लिस्बनस्थित रहेको अवैतनिक नेपाली महावाणिज्यदूतावासको समन्वय र सहजीकरणमा टोलीले यही अगस्ट २ देखि ११ तारिकसम्म पोर्चुगलमा रहेर ई-पासपोर्टका लागि दरखास्त संकलन गर्ने पेरिसस्थित नेपाली दूतावासले जनाएको छ ।

घुम्ती सेवाका लागि विभागका निर्देशक मोतिबहादुर श्रीस नेतृत्वको तीन सदस्यीय टोली पोर्चुगल आउने तयारी भइरहेको फ्रान्सका लागि नेपाली राजदूत सुधीर भट्टराईले जानकारी दिए । टोलीमा विभागका दुई र फ्रान्सस्थित नेपाली दूतावासका एक गरी तीन जना कर्मचारी सहभागी हुने बताइएको छ । पोर्चुगलमा रहेका नेपालीको राहदानीसम्बन्धी समस्यालाई समाधान गर्नका लागि परराष्ट्र मन्त्रालय र विभागले विशेष प्राथमिकता दिएर घुम्ती टोली पठाउन लागेको राजदूत भट्टराईले बताए ।

घुम्ती सेवा शिविरका लागि राजधानी लिस्बनमा इनरोलमेन्ट सेन्टरको स्थापना गरी ई-पासपोर्टका लागि दरखास्त संकलन गर्ने तयारी भइरहेको उनले बताए । शिविरबाट दुई हजार पाँच सय बढीको ई-पासपोर्टका लागि दरखास्त संकलन हुने अनुमान गरिएको भट्टराईले बताए ।

टोलीले राहदानीको म्याद सकिसकेको, राहदानीको म्याद एक वर्षभन्दा कम भएको, क्षति भएको, हराएका र पोर्चुगलमा जन्मेका बालबालिकाको नयाँ राहदानीका लागि दरखास्त संकलन गर्ने जनाएको छ । विद्युतीय राहदानीका लागि अनलाइन आवेदन फारम भर्न र अपोइन्टमेन्ट लिन राजदूत भट्टराईले आग्रहसमेत गरेका छन् ।

केही महिनाअघि पनि फ्रान्सस्थित नेपाली दूतावासको टोली पोर्चुगल आएर एक सातासम्म राहदानीसम्बन्धी सेवा प्रदान गरेको थियो । टोली आउने भएपछि राहदानी नवीकरण तथा नयाँ राहदानी बनाउन नपाएर समस्यामा परेका नेपालीलाई राहत हुने भएको छ ।

# दुधेश्वर महादेव मन्दिरमा हजारौं भक्तजनले गरे दर्शन

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, ७ साउन



पर्सा ऐतिहासिक मुख्य धार्मिक पर्यटन स्थलको रुपमा रहेको भाथा बाबा श्री दुधेश्वर महादेव मन्दिरमा सोमबार हजारौं भक्तजनहरुले दर्शन गरेका छन् ।

साउन महिनाको पहिलो सोमबार हर हर महादेवको नारा लगाउँदै जलअभिषेक गर्दै फुल बेलपत्र र प्रसाद चढाएर पुजापाठ गरेका थिए ।

पटेर्वासुगौली गाउँपालिकाको वडा नं.२ राभौरी भाथा स्थित रहेको भाथा धामको साउनभरी मेला लाग्ने गर्दछ ।

श्री दुधेश्वर महादेव मन्दिरको पूर्व पर्सा राष्ट्रिय निकुन्ज आदभार, उत्तरमा घोडेमासन, पश्चिम सिकारीबस, दक्षिण चर्भैया सोनवर्षा रहेको छ । नेपाल भारतका हजारौं भक्तजन श्रद्धालुहरुले रामभौरी भाथाको नजिक खोलाबाट जल भरेर हर हर महादेव, बोल वम, जय शम्भुको नाराका साथ पाँच किलो मिटरको चढाइ चढेर श्री दुधेश्वर महादेवको मन्दिरमा पुगेर जलअभिषेक,फुल बेलपत्र र प्रसाद चढाएर पुजापाठ गरेका थिए । पूर्व कालदेखि वर्षको ४ पटक लाग्ने मेला साउनभरी, माघ बसन्त पञ्चमी, फागुन महाशिवरात्री, वैशाख त्रयोदशीमा लाग्ने गर्दछ ।

धार्मिक जनविश्वासका साथ पर्सा, बारा, रौतहट, मकवानपुर, चितवन, भारतको बेतिया, मोतिहारी, बगहा, नरकटियागञ्ज, लौरिया, रामनगर, सिकटा, मैनाटाड, ईनार्वा, सितामढी लगायत विभिन्न स्थान र शहरहरुबाट दुधेश्वर महादेवप्रति आस्था विश्वास लिएर भक्तजनहरु आउने गरेका दुधेश्वर महादेव मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ज्ञनालाल पटेलले बताए ।

नेपाल, भारतबाट आएका श्रद्धालु भक्तजनहरुले पुजापाठ गरी मागेको भाकल पूर्ण हुने विश्वास रहेको छ । मन्दिरमा अहिले पनि निर्माणको काम भइरहेको त । मन्दिरमा बाटो घाटो र शान्ति सुरक्षाको व्यवस्थापन गरिएको पटेर्वासुगौली गाउँपालिका अध्यक्ष दिनेश कुमार चौधरीले जानकारी दिए ।

# रुकुम पश्चिमका ग्रामीण सडक : वर्षायाममा सधैं सास्ती



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पशिम, ७ साउन

रुकुम पशिमका ग्रामीण सडक वर्षायाममा हिलाम्य हुँदा यात्रुहरुलाई सधैं सास्ती हुने गरेको छ । रुकुम पश्चिमको त्रिवेणी गाउँपालिकाका १० वटा वडामा सडक सञ्जाल जोडिएको छ । सबै वडामा सडक पुगेता पनि वर्षातका कारण केही वडाबाहेकका सडक सबै ठप्प छन् ।

विशेषगरी मुसिकोट-गिलाबाङ-छिनखेत सडकखण्डमा यात्रुहरु जोखिम मोलेर यात्रा गर्न बाध्य छन् । धैरै जसो सवारी साधन यही मार्ग भए गुड्ने भएपनि मुसिकोट नगरपालिकाले सडकको स्तरोन्नतिमा ध्यान नदिँदा वर्षायाममा सडक हिलाम्य हुँदा यात्रुहरुलाई सास्ती भएको स्थानीयहरु बताउँछन् । यता छिनखेत-बाँफिकोट-स्यार्पु दह सडकमा ठेक्का लगे पनि ठेकेदारको लारपरबाहीका कारण सडक स्तरोन्नति हुन सकेको छैन । ठेक्का पाएको हिमालयन गौरीशंकर कन्स्ट्रक्सन प्रा.लि.ले विभिन्न बाहाना देखाउँदै सडक स्तरोन्नति गरेको छैन । पटक-पटक म्याद थप गरिए पनि गौरीशंकर कन्स्ट्रक्सनले ५० प्रतिशत काम पनि पूरा गरेको छैन । स्थानीय तहको कमजोरीका कारण सडक स्तरोन्नतिमा ढिलाइ भएको र अनुगमन गर्ने निकायले समय समयमा अनुगमन गरेर निगरानी गर्ने हो भने सडक निर्माणमा ढिलाइ नहुने स्थानीयहरु बताउँछन् ।

# तेस्रो जनआन्दोलनको घोषणा गर्ने पहिचानबादी मोर्चाको चेतावनी

**काठमाडौं/मस–** प्रा.डा. महेन्द्र लावतीको नेतृत्वमा रहेको पहिचानबादी मोर्चाले छरिएर रहेका पहिचानबादी शक्तिहरुलाई एक ठाउँमा ल्याउन पहल गर्ने भएको छ । सोमबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गरी पहिचानबादी मोर्चामा आबद्ध हुन प्रा.डा. लावतीले आह्वान गरेका छन् ।



प्रा.डा.लावतीको नेतृत्वमा रहेको पहिचानबादी मोर्चामा गोपाल किराँती नेतृत्वको तेस्रो जनआन्दोलन तयारी समिति, डा. मित्र परियार अध्यक्ष रहेको काष्ट वाच नेटवर्क, कृष्ण चेङ्वाङ इन्चार्ज रहेको लिम्बु संघ (समाजवादी), बुद्धराज स्याङ्तान अध्यक्ष रहेको संघीय ताम्सालिङ पार्टी, मलम लामा महासचिव रहेको राष्ट्रिय ट्रेड युनियन महासंघ, पासाङ मोक्तान संयोजक रहेको ताम्सालिङ गणराज्य, लोकेन्द्रराज थापा संयोजक रहेको खसान गणराज्य र खड्गबहादुर श्रेष्ठ संयोजक रहेको नेवाः गणराज्य पहिचानबादी मोर्चामा आवद्ध भएका छन् ।

पहिचानबादी मोर्चाका संयोजक प्रा.डा. लावतीले छरिएर रहेका पहिचानबादी शक्तिहरुलाई एक ठाउँमा ल्याउनु मोर्चाको मूल लक्ष्य रहेको बताए । सबै पहिचानबादी शक्तिहरुलाई एक ठाउँमा ल्याएर राजनीतिक रुपमा आफुलाई स्थापित गराउनु पहिचानबादी मोर्चाको उद्देश्य रहेको उनले बताए ।


## कतारमा रोजगारको अवसर

कम्पनी: TRANSIND HOLDING
शहर:Doha

पूर्व स्वीकृत मितिः २०८१/०४/०७ | चलानी नं.: ६०२२२५२३ | LT. No.: 307837

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 17 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५१,२८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 21 | 0 | | 1000 | ३६,६३० | | | | | | | |
| 3. | Messenger | 4 | 0 | | 1100 | ४०,२९३ | | | | | | | |
| 4. | Waiter | 1 | 0 | | 1400 | ५१,२८२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८१ साउन १५ गते (30 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ८००/०६५/०६६
प्रुडेन्सियल ओभरसिज प्रा. लि.
सिनामंगल, काठमाडौं, नेपाल, Tel:- 01-5918914
Mob.: 9802002035,9802002013,9802002032.

## कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता भएकोले इच्छुक व्यक्तिहरुले आफ्नो बायोडाटा सहित यस कार्यालयमा सम्पर्क गनुहोला ।

पदः डाकुमेन्टेसन र काउन्सिलिङ स्टाफ (२ पुरुष, २ महिला)

तलबः २०,००० ड्युटी १० देखि ५:३० सम्म

पोखरा रिक्रूटमेन्ट प्रा.लि.
गोंगबु, काठमाडौं, नेपाल
सम्पर्कः९८४३६४३७०५ ९८०८२६६९५० (रमेश)


### काठ लिलाम विक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०४/०८**

यस सामदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगद्दी भएको गोलिया काठ लिलाम प्रक्रियाद्वारा लिलाम बढाबढ गर्नुपर्ने भएकोले घाटगद्दीमा मौज्दात रहेको साल, अस्ना गरी विभिन्न ग्रेडको जम्मा १८६ थानको १६७३.९६ क्वीफिट काठ तथा साल दाउरा २.५ र अस्ना दाउरा १.५ चट्टा दाउरालाई शिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले प्रथम पटक प्रकाशत भएको मिति २१ दिनभित्रमा यस सा.व.उ.स. को कार्यालयबाट बोलपत्र खरिद गरी शिलबन्दी बोलपत्र २२ औं दिनको ३ बजे भित्र यस समूहको कार्यालयमा दाखिला गर्न हुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री जनजागृती सामुदायिक वन उपभोक्ता समूह, घोडाघोडी नगरपालिका-१० कैलाली**

### काठ लिलाम विक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०४/०८**

यस सामदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगद्दी भएको गोलिया काठ लिलाम प्रक्रियाद्वारा लिलाम बढाबढ गर्नुपर्ने भएकोले घाटगद्दीमा मौज्दात रहेको साल, अस्ना, जामुन, केकर, खयर गरी विभिन्न ग्रेडको जम्मा ११२ थानको ८१०.६६ क्वीफिट काठ दाउरालाई शिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले प्रथम पटक प्रकाशत भएको मिति २१ दिनभित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी शिलबन्दी बोलपत्र २२ औं दिनको ३ बजेभित्र यस समूहको कार्यालयमा दाखिला गर्न हुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री कल्पबृक्ष सामुदायिक वन उपभोक्ता समूह, घोडाघोडी नगरपालिका-४ कैलाली**

### काठ लिलाम विक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०४/०८**

यस सामदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगद्दी भएको गोलिया काठ लिलाम प्रक्रियाारा लिलाम बढाबढ गर्नुपर्ने भएकोले घाटगद्दीमा मौज्दात रहेको अन्य जात, कुसुम, मौवा, अस्ना गरी विभिन्न ग्रेडको जम्मा ४५ थानको ३२१.४ क्वीफिट काठलाई शिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले प्रथम पटक प्रकाशत भएको मितिले २१ दिनभित्रमा यस सा.व.उ.स. को कार्यालयबाट बोलपत्र खरिद गरी शिलबन्दी बोलपत्र २२ औं दिनको ३ बजेभित्र यस समूहको कार्यालयमा दाखिला गर्न हुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री बिरहुवा सामुदायिक वन उपभोक्ता समूह, घोडाघोडी नगरपालिका-७ कैलाली**

### श्री डुकुरसिंह सामुदायीक वन उपभोक्ता समुह
### त्रियुगा नगरपालिका १६ उदयपुरको समुह बाहिर
### काठ विक्रि सम्बन्धी सूचना

यस सामुदायिक वनबाट आर्थिक बर्ष २०८०/०८१ मा संकलन गरी घाटगद्दि गरेका जात साल थान १११ को १२३।०६ क्युफिट काठ जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचना पाटीमा टांस गरिएको छ ।

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६४/०८/१३ मा दर्ता भएको प्रा. लि. नम्बर ५९३५४ को **होटेल पिस टोक्यो प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०४/०७ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।


GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

८ साउन २०८१, मंगलबार
23 July 2024, Tuesday

## सम्पादकीय

### पुनर्स्थापनामा दिइनुपर्ने जोड

अविरल वर्षाका कारण आइरहेको बाढी, पहिरो र डुबानमा परेर ठूलो संख्यामा मानवीय क्षति पुगेको छ । गृह प्रशासनका अनुसार गत २८ जेठ यताको ४२ दिनमै १३१ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा कोशीमा २२, मधेशमा पाँच, बागमतीमा २५, गण्डकीमा ३८, लुम्बिनीमा २३, कर्णालीमा ६, सुदूरपश्चिममा ९ र राजधानी उपत्यकामा २ जनाको मृत्यु भएको छ । घाइते हुनेको संख्या अझ धेरै छ । प्रहरी प्रशासनले दिएको जानकारी अनुसार प्रकोपमा परेर १४४ जना घाइते भएका छन् । घाइते मध्ये ६६ जना उद्धार गरिएका व्यक्ति हुन् भने अझै ९ जना बेपत्ता छन् । बाढीका कारण १८२ घर डुबानमा परेका छन् भने अढाइ सय घरमा क्षति पुगेको छ ।

मनसुन कायमै रहेकाले संकटमा टरिसकेको छैन । बाढी, पहिरो र डुबानको खतरा कायमै छ । देशभरका खतरायुक्त क्षेत्रहरूको पहिचान पनि गरिएका छन् । तर खतरायुक्त क्षेत्रबाट मानव सुरक्षा कार्य प्रभावकारी बनेको छैन । यदि संभावित खतरायुक्त क्षेत्रबाट मानिसलाई जोगाउने पूर्वकार्य गरिन्थ्यो भने ४२ दिनमै यति ठूलो संख्यामा मानवीय क्षति हुने थिएन । उद्धारका बाबजुत अझै बेपत्ताहरूको पहिचान हुन नसक्ने परिस्थिति आउने थिएन । त्यसैले प्रकोपबाट नागरिकको जीवन रक्षा गर्ने पूर्वकार्य तयारी प्रभावकारी नरहेकै पुष्टि हुन्छ । जबकी मुलुकले ७५३ स्थानीय सरकार, सात प्रदेश र संघीय सरकारको भार थेगिरहनु परेको छ । तर यति ठूलो संख्यामा सरकार हुँदा पनि प्रकोपबाट नागरिकको जीवन रक्षामा प्रभावकारी कदम चाल्न सकिएको छैन ।

प्रकोपबाट नागरिकको जीवन रक्षा प्रभावकारी नहुनुमा तीन तहको सरकारबीच उपयुक्त समन्वय नहुनु पनि एक हो । फरक राजनीतिक नेतृत्व रहेको संघ, प्रदेश र स्थानीय सरकारबीच आपसमा उपयुक्त समन्वय हुने हो भने प्रकोपबाट जीवन रक्षा केही प्रभावकारी हुन सक्थ्यो । तर संघ र प्रदेश सरकार नेताहरूको स्वार्थको खेलमा फसेको छ । निरन्तर सत्ता बनाउनु नै सत्ताको काम जस्तो बन्न पुगेको छ । स्थानीय सरकारसँग संवैधानिक अधिकारदेखि आवश्यक पूर्वाधार र जनशक्ति समेत छैन । जबकी स्थानीय सरकार जनताको सवभन्दा नजिकका सरकार हुन् । तर प्रकोपबाट नागरिकको जीवन रक्षा र प्रकोपमा परेर पीडित बनेकाहरूको पुनर्स्थापनामा प्रभावकारी योजना ल्याउन आवश्यक छ । विशेषगरी प्रकोप पश्चात् आउने समस्याहरूमा नागरिकको सहयोगी बन्नेगरी सरकार सक्रिय हुनुपर्छ ।

# सार्वजनिक संस्थान सुधारको सवाल

*सार्वजनिक संस्थान सुधारका लागि संस्थानको कानुनी र व्यवस्थापकीय पक्ष सुधारका सँगसँगै व्यावसायिक स्वायत्तता प्रदान गर्न अपरिहार्य छ ।*

अग्रलेख



● ललितकुमार यादव




लोक कल्याणकारी राज्यको स्थापना र योजनाबद्ध विकासका लागि संसारभर सार्वजनिक संस्थानको स्थापना गरिएको हो । नागरिकको दैनिक जीवनयापनलाई सहज बनाउन र विकास आयोजना सञ्चालनमा सरकारको सशक्त भूमिका हुनुपर्ने उद्देश्यका साथ सार्वजनिक संस्थानको विस्तार संसारभरि गरियो । त्यसबेला निजी क्षेत्र सक्षम र सबल भइनसकेको र पूर्वाधार विकासको कमजोर अवस्थामा सार्वजनिक संस्थानको स्थापना अपरिहार्य रहेको थियो ।

नेपालमा पनि सार्वजनिक संस्थानको स्थापना गर्नुको मुख्य उद्देश्य नागरिकको दैनिक जीवनयापनका लागि आवश्यक आधारभूत वस्तु तथा सेवा सर्वसुलभ एवम् सुपथ मूल्यमा उपलब्ध गराउनु, रोजगारी सिर्जना गर्नु, विकासका पूर्वाधार तयार गर्नु तथा समतामूलक राज्यको स्थापना गरी सामाजिक न्यायको प्रवर्द्धन गर्नु नै रहेको थियो । तर, सार्वजनिक संस्थानहरू आफ्नो स्थापनाको उद्देश्यअनुरूप प्रभावकारी रूपमा सञ्चालन हुन सकेको देखिँदैन । सार्वजनिक संस्थान स्थापनाको आठ दशकभन्दा बढी समय बितिसक्दा पनि सार्वजनिक संस्थानहरूले अपेक्षित प्रतिफल प्रदान गर्न सकेको देखिँदैन ।

अधिकांश सार्वजनिक संस्थानको कार्यसम्पादन स्तर कमजोर देखिएको छ । व्यवस्थापकीय कमजोरीका कारण सार्वजनिक संस्थानहरूको कार्यसम्पादन र समग्र अवस्था कमजोर भई समस्याग्रस्त हुन पुगेको छ । सरकारी लगानीको आधारमा प्रतिफल दिन नसकेका संस्थानलाई विनिवेश गर्दै जानुपर्ने आवाज उठ्दै आएको छ । तर, नेपालका अधिकांश संस्थानलाई विनिवेश गर्ने बेला भैसकेको छैन । नेपालका सार्वजनिक संस्थानहरूको वर्तमान आवश्यकता विनिवेश नभई व्यवस्थापकीय सुधार रहेको छ ।

नेपालमा सार्वजनिक संस्थानले आर्थिक तथा सामाजिक विकास, पूर्वाधार निर्माण, दुर्गम क्षेत्रमा वस्तु तथा सेवा प्रवाह जस्ता कार्यहरूमा खेल्दै आएको भूमिकालाई हेर्दा पनि सार्वजनिक संस्थानबाट सरकारले हात झिक्ने बेला भइसकेको छैन । त्यस्तै मूल्य स्थिरता कायम गर्न, भूकम्प, बाढी पहिरो, महामारी तथा विपद्को समयमा सार्वजनिक संस्थानले निर्वाह गरेको भूमिकाले नेपालमा सार्वजनिक संस्थानको आवश्यकतालाई पुष्टि गर्दै आएको छ । अधिकांश सार्वजनिक संस्थानको व्यावसायिक योजना छैन । कार्य बोझका आधारमा नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी लागु गरिएको छैन । कर्मचारीहरूको क्षमता विकासमा खासै चासो दिइएको पाइँदैन । कर्मचारीहरूमा दक्षताको अभाव उत्तिकै छ । कर्मचारीहरूलाई उनीहरूको क्षमता, दक्षता र अनुभवको आधारमा जिम्मेवारी दिने चलन छैन । व्यवस्थापनसँगको निकटताका आधारमा जिम्मेवारी दिने गरिन्छ । सार्वजनिक संस्थानहरूको कार्य सम्पादनमा मुनाफाको खासै महत्व हुँदैन न त सेवा उपलब्धताको स्पष्ट मापदण्ड नै छ । जसले गर्दा सार्वजनिक संस्थानलाई कुशलताका साथ सञ्चालन गर्नुपर्छ भन्ने आवश्यकता नै कसैले महसुस गर्न सकेको छैन । सरकारले मूल्य निर्धारण गरिदिने, व्यवस्थापनमा सरकारले प्रत्यक्ष हस्तक्षेप गर्ने, नाफाको जस सरकारले लिने तर, घाटाको अपजस सबै संस्थानलाई मात्र बोकाइदिने सरकारी नीति त्यति न्यायोचित देखिँदैन । सरकारी नीतिमा सुधार गरी सार्वजनिक संस्थानको सुधारको उपाय खोज्न अत्यन्त जरुरी छ ।

अस्पष्ट नीति, सरोकारवाला निकायबिच समन्वयको अभाव, कमजोर व्यवस्थापकीय क्षमता, चर्को राजनीतिकरण, ट्रेड युनियनको अराजकता, असक्षम एवम् भद्दा जनशक्ति र प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको अभाव आदि कारणले सार्वजनिक संस्थानहरू कमजोर बन्दै गएको छ । आम जनतामा सार्वजनिक संस्थानको उत्पादनप्रतिको विश्वास दिन प्रतिदिन कम हुँदै जानु पनि अर्को समस्या हो । संस्थागत क्षमताको विकास र सुदृढीकरण, कर्मचारीको सीप र क्षमताको विकास, प्रविधिमैत्री काम कारबाही र कर्मचारी समन्वय र नियन्त्रण प्रणालीमा सुधार, सबै कर्मचारीको कार्य विवरण लागु, प्रमुख कार्यकारीसँग स्पष्ट लक्ष्य सहितको कार्य सम्पादन सम्झौता, राजनीतिक नियुक्ति र बर्खास्तीको खारेजी, सेवा वा

> *अस्पष्ट नीति, सरोकारवाला निकायबिच समन्वयको अभाव, कमजोर व्यवस्थापकीय क्षमता, चर्को राजनीतिकरण, ट्रेड युनियनको अराजकता, असक्षम एवम् भद्दा जनशक्ति र प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको अभाव आदि कारणले सार्वजनिक संस्थानहरू कमजोर बन्दै गएको छ । आम जनतामा सार्वजनिक संस्थानप्रतिको विश्वास दिन प्रतिदिन कम हुँदै जानु पनि अर्को समस्या हो ।*

वस्तुको गुणस्तरमा वृद्धि र मूल्य निर्धारणमा स्वायत्तता, चुहावट र आर्थिक अनियमितता कम गरी सेवा वा वस्तुको लागत घटाउने, जनतालाई ग्राहक होइन सेवाग्राही मानेर सेवा प्रदान, सर्वसुलभ, सहज र चुस्त सेवा प्रवाह आदि सार्वजनिक संस्थानहरूको सुधारका उपायहरू हुन सक्छन् ।

नेपालमा सार्वजनिक संस्थान विभिन्न ऐनद्वारा गठन गरिएको छ । यी संस्थानको कार्य सञ्चालनका लागि प्रबन्ध पत्र, नियमावली र विनियमावलीका प्रावधानहरू समेत फरक-फरक रहेका छन् । संस्थानअनुसार कर्मचारीको सेवा सुविधामा विविधता छ । संस्थान सञ्चालन तथा व्यवस्थापनमा साधारण सभा, सञ्चालक समिति र व्यवस्थापन समूह गरी तीन तहको संरचना छ । सार्वजनिक संस्थानको कार्य प्रकृतिका आधारमा प्रत्येक संस्थानको विषयगत मन्त्रालय तोकिएको छ । सार्वजनिक संस्थानको लगानी, विनिवेश, सुविधा निर्धारण, समन्वय र अनुगमन तथा मूल्याङ्कनको कार्य अर्थ मन्त्रालयको कार्य क्षेत्रअन्तर्गत रहेको छ । सार्वजनिक संस्थानहरूमा राजनीतिक र विषयगत मन्त्रालयको चर्को हस्तक्षेप छ । सार्वजनिक संस्थानको अनुगमन र मूल्याङ्कन प्रणाली प्रभावकारी नहुँदा पुनर्संरचना र क्षमता विकासको काम हुन सकेको छैन । सरकार परिवर्तन पिच्छे मन्त्री परिवर्तन हुने र सञ्चालक पनि फेरिने चलनले सार्वजनिक संस्थानको कार्य सम्पादनको स्तर माथि उठ्न सकेको छैन । यसले सार्वजनिक संस्थानलाई अस्तव्यस्त समेत बनाएको छ ।

सार्वजनिक संस्थानमा देखिएको मुख्य समस्या नै आफ्ना उद्देश्यअनुरूपका कार्य सम्पादन गर्न नसक्नु रहेको छ । अर्थात् सार्वजनिक संस्थान आफ्नो उद्देश्यबाट विमुख हुँदै गएको छ । सार्वजनिक संस्थानहरू पुरानै ढर्रामा सञ्चालन हुँदै आउनु उपयुक्त होइन । सुधारका कदमहरू क्रियाशीलरूपमा अगाडी बढाउन अत्यन्त जरुरी छ । अधिकांश संस्थानमा संस्थागत सुशासनको कमी छ । सार्वजनिक संस्थान सुधारका लागि राज्यले सार्वजनिक संस्थान सम्बन्धी साझा कानूनको निर्माण गर्न जरुरी छ । अनुगमन तथा मूल्याङ्कनको भरपर्दो संयन्त्रको निर्माण गर्न अत्यन्त जरुरी छ । त्यस्तो संयन्त्रलाई आवश्यक निर्देशन दिने र आवश्यक परेमा सञ्चालनमा हस्तक्षेप गर्न सक्ने सम्मको अधिकार दिनुपर्छ ।

हरेक संस्थानका आ-आफ्नै समस्या, अवसर र चुनौती रहेका छन् । प्रत्येक संस्थानको सुधारका उपायहरूको बारेमा पृथक अध्ययनको आवश्यकता छ । हरेक संस्थानमा सुधारका उपायहरू पृथक ढंगले लागु गर्न जरुरी छ । तर, आजसम्म सबै सार्वजनिक संस्थानलाई एकमुष्ठमा हेर्ने गरिएको छ । यो नै सार्वजनिक संस्थानहरूमा सुधार हुन नसक्नुको प्रमुख कारण हो । सार्वजनिक संस्थानलाई कम्पनी ढाँचामा सञ्चालन गर्ने नीतिलाई प्रभावकारी कार्यान्वयन गर्न जरुरी छ । त्यस्तै एकै प्रकृतिका संस्थानलाई एक आपसमा गाभ्ने लगायतका सुधारका प्रयासलाई निरन्तरता दिन जरुरी छ । यसबाट प्रशासकीय खर्च घटाउन, व्यावसायिक कार्यकुशलता तथा वित्तीय दक्षता अभिवृद्धि गर्न मद्दत पुग्छ भने सेवा प्रवाहमा प्रभावकारिता ल्याउन र उद्यमशीलता प्रवर्द्धन गर्न सकिन्छ ।

नवीन प्रविधि र व्यवस्थापकीय प्रणालीको प्रयोग, व्यावसायिक निर्णय प्रक्रियामा स्वायत्तता प्रदान, सर्वसाधारण जनताको सुविधा र आर्थिक हितको ख्याल, प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणालीको विकास, सार्वजनिक संस्थानलाई अझ बढी जिम्मेवार, पारदर्शी र जबाफदेही बनाउने, राजनीतिक प्रभाव मुक्त व्यवस्थापन, व्यवस्थापनप्रति उत्तरदायी कर्मचारी, व्यवस्थापन र कर्मचारीबिच सुमधुर सम्बन्ध कायम जस्ता प्रयासहरू मार्फत सार्वजनिक संस्थानमा व्यापक सुधार गर्न सकिन्छ । सार्वजनिक संस्थान सुधारका लागि संस्थानको कानुनी र व्यवस्थापकीय पक्ष सुधारका सँगसँगै व्यावसायिक स्वायत्तता प्रदान गर्न अपरिहार्य छ ।

वार्षिक रूपमा नियमित लेखा परीक्षण, समयमै बेरुजु फर्छ्यौट, बेरुजु न्यूनीकरण जस्ता प्रयासले सार्वजनिक संस्थानमा आर्थिक सुशासन कायम गर्न सकिन्छ । त्यस्तै, सार्वजनिक संस्थानको स्थायी सम्पत्तिको लेखांकन, संरक्षण र सदुपयोग गरी वित्तीय क्षमता वृद्धि गर्न सकिन्छ । यसका लागि विभिन्न बहाना र किसिमले अतिक्रमणमा परिएको स्थायी सम्पत्तिको संरक्षण र व्यवस्थित गर्नुका साथै अधिकतम लाभ लिन सक्ने गरी पारदर्शिरूपमा सदुपयोग गर्न जरुरी छ । कमजोर तथा पछाडि परेका सीमान्तकृत वर्गलाई सामाजिक न्याय एवम् सामाजिक सुरक्षाको प्रत्याभूति गर्न सार्वजनिक संस्थानलाई प्रभावकारी भूमिका निर्वाह गर्ने गरी सञ्चालन गर्नुपर्दछ ।

## सामाजिक सञ्जाल



**- मुमाराम खनाल**

बाध्यतामा बाहिरिएका तीन/तीन पटक प्रम भएका व्यक्तिलाई प्रतिपक्षी भनेर कसरी मूल्यांकन गर्नु, तीन/तीन पटक प्रम बन्दा पनि कुनै काम नदेखिएका प्रमको चौथो सत्तारोहणप्रति कसरी उत्साहित हुनु र पाँच/पाँच पटक प्रम भएर आफ्नो नालायकीका सबै किर्तिमान बनाएका व्यक्ति आगामी प्रम हुनेछन् भन्दा को आशावादी हुन् ?



**- राधाकृष्ण कटवाल**

उपराष्ट्रपति, केन्द्र र प्रदेश सरकार सबैबाट बाहिरिएको माओवादीले कतै गणतन्त्र र संघीयता कै विरोध गर्ने त होइन ! १८ वर्षदेखि निरन्तर सरकारमा रहेको माओवादीका नेतालाई सरकारमा नहुँदा निन्द्रा लाग्छ ? किन चाउरी परिस मरिच आफ्नै कारणले भन्ने उखान माओवादी र रास्वपालाई ठ्याक्कै मिलेछ ।



**- बद्रि विनोद खनाल**

हिजो संसदमा रास्वपाकी संसदको आधा नेपाली आधा अग्रेजी मिसिएको भाषणको अर्थ थियो तिमीहरूले गर्न हुने हाम्ले गर्न किन नहुने ? तिमारूले खान हुने हाम्ले खान किन नहुने ? आ नयाँ पार्टीका माननीयको तर्क । पुराना पार्टीकै पछि लाग्नु छ भने किन नयाँ पार्टी खोल्नु ? उतै छिरेर मिलाएर खाए त भै गो नि ।



**- शरदराज पाठक**

काँग्रेस एमाले ७ बुँदे सहमतिमा प्रधानमन्त्री केपी ओलीले २०८४ को निर्वाचनका लागि चुनावी सरकारको नेतृत्व शेरबहादुर देउवालाई छाड्ने उल्लेख छ । संसदमा कांग्रेसका सबै सांसदले त्यसलाई अनुमोदन गर्नुको अर्थ यो बिचमा वा महाधिवेशनपछि पनि पार्टी नेतृत्व परिवर्तन हुन्न भन्ने स्वीकारोक्ति हो ?

# लागुऔषधको लत र महिला

विचार



● विपिन थापा

कुनै पनि रासायनिक पदार्थ जसको सेवन गर्दा मानिसको केन्द्रीय स्नायु प्रणालीमा असर गरी सेवनकर्ताको भावना सोचाईं तथा शारीरिक अवस्थामा परिवर्तन ल्याउँछ भने यसलाई लागु औषध भनिन्छ । यसले मानसिक चेतना, अनुभूति र मनोभावनालाई प्रभावित पारी बुझ्ने, सम्झने र सोच्ने शक्तिलाई विकृत तुल्याउँछ । युवाहरूलाई राज्यको कर्णधारको रूपमा लिइन्छ । स्वास्थ्य युवाहरू देशका कर्णधार हुन्छन्, तर देश विकासका आधार शक्ति नै जोखिम तथा धरापमा परेर राज्यले ठुलो सङ्कट बेहोर्नुपर्ने हुन्छ ।

नेपालको विशेष गरी मध्य क्षेत्रका केही जिल्लामा युवाहरू दुर्व्यसन तथा एच.आई.भी.को सबैभन्दा बढी जोखिममा रहेको पाइन्छ । एच.आई.भी सङ्क्रमणको प्रमुख कारक असुरक्षित यौन सम्पर्क हो भने दोस्रो कारकको रूपमा सुईद्वारा लागु औषधको प्रयोग पनि हो । सानो उमेरका प्रयोगकर्ताहरू एच.आई.भी.को जोखिममा पर्ने डरलाग्दो अवस्था मान्नु पर्दछ । यस्ता युवा गरिब तथा ग्रामीण बस्तीमा रहेको पाइन्छ । तथ्याङ्कलाई केलाउँदा जोखिममा रहेका युवाहरूमा महिलाको अनुपात पनि भयावह खालको छ । राष्ट्रको मेरुदण्डको रूपमा रहेको युवा शक्तिहरू यसरी पथ भ्रष्ट भएर हिँड्नु राष्ट्रकै चिन्ताको विषय हो ।

लागु औषधको जोखिम जुनसुकै उमेर, लिङ्ग, वर्ग र पेसा समूहको व्यक्तिलाई पर्न सक्दछ । तर केही कारणहरू छन् जसले गर्दा लागु औषधको जोखिम बढाउन मद्दत गर्दछ । लागु औषध प्रयोग गर्ने साथीहरूको सङ्गत, फेसन, मिडिया, बढ्दो सामाजिक कुरीति, विवाह, व्रतबन्ध, अन्नप्राशन तथा विभिन्न शुभ कार्यहरूमा मादक पदार्थ तथा सुर्तीजन्य पदार्थको प्रयोग बढ्दै जानु र विभिन्न धार्मिक कार्यहरूमा गाँजा, भाङ्ग धतुरोको प्रयोगलाई सामान्य परम्पराको रूपमा लिनु, चुरोट तथा मदिराको विज्ञापनमा प्रसिद्ध कलाकारहरूलाई प्रयोग गरिनु र त्यसको नक्कल गर्ने बानीले पनि लागु औषधको सिकार हुने सम्भावना प्रबल रहेको पाइन्छ । समयसापेक्ष ढङ्गले नेपालमा महिला लागु औषध प्रयोगकर्ता पनि बढ्दै गएको पाइन्छ । लागु औषध प्रयोग गर्नेमा पुरुषभन्दा महिलाहरूको सङ्ख्या कम छैन तर, उपचारमा आउने महिलाको सङ्ख्या भने निकै न्यून छ । त्यसैले गर्दा महिला दुर्व्यसनी हुनु र एच.आई.भी. सङ्क्रमित हुनु निकै नै जोखिमपूर्ण विषय हो ।

विश्व स्वास्थ्य सङ्गठनले 'रक्सी र लागू पदार्थ निर्भरता एक रोग हो' भनेर वर्णन गरी सक्दा पनि दुर्व्यसनी महिलाहरू घरका कोठाभित्र र गल्लीहरूभित्र आफूलाई लुकाउँदै बसिरहेको अवस्था छ । पुरुषहरूको उपचार केन्द्रको तुलनामा महिला उपचार केन्द्र त झनै न्यून छन् । उनीहरूलाई उपचार केन्द्रमा नल्याउनु तथा नजानु त छँदै छ, उपचार गर्न जान चाहने महिलाहरूलाई पनि देशका मुख्य सहरहरूमा उपचार केन्द्र नहुँदा र उपचार हुन्छ भन्ने अज्ञानताको कारणले गर्दा अकालमै ज्यान गुमाउन विवश छन् ।

पुरुष लागु औषध प्रयोगकर्ताहरू आफूलाई सहयोग गर्ने समूहहरू निर्माण गर्दै उपचारको पहुँचसम्म पुग्न सक्छन् । यद्यपि, महिलाहरूको हकमा भने उनीहरू त्यसरी अवसर प्रयोग गर्न सक्दैनन् । लागु औषध प्रयागकर्ता भनेर आफन्त तथा चिन्ने जान्नेले देख्दा आफूलाई हेर्ने दृष्टिकोण गलत हुने डरले महिलाहरू खुल्दैनन् । त्यस कारण उनीहरू बढी जोखिममा परिरहेको अवस्था छ । यदि उनीहरूले पनि सङ्गठित भएर आपसमा विचार, अनुभव आदान-प्रदान गरी आफूलाई सबल र सङ्गठित बनाउने वातावरण पाएको खण्डमा उठ्न सक्षम हुने कुरामा दुई मत छैन ।

त्यसैले महिलाहरूमा पनि सहज रूपमा सहभागी गराई अनुभव वा विचारहरू व्यक्त गर्ने तथा लिने वातावरणको खाँचो छ । उनीहरू यसरी बैठकमा गए फलानाको छोरी लागु औषध प्रयोगकर्ता भनेर थाहा पाएमा बाबुआमाको इज्जतमा दाग लाग्दछ भन्ने आम धारणा छ । विडम्बना के छ भने महिला लागु औषध प्रयोगकर्ताहरूको उपचार एवम् सहयोगका लागि एकाध बाहेक अहिलेसम्म कुनै पनि आमाबुबा वा आफन्त अघि सर्दैनन् । यसको एउटा कारण त के पनि हो भने महिलाले कडा खाले कुनै पनि किसिमको लागु औषध सेवन गर्दैनन् भन्ने भ्रम पनि छ ।

महिला हुन् या पुरुष, लागु औषध प्रयोगकर्ताहरू पनि यसै समाजका सदस्य हुन् । सबै मान्छेको सोच्ने शक्ति र जिउने तरिका एउटै हुँदैन । र कोही पनि मान्छे जान्दा जान्दै वा बुझ्दा बुझ्दै लागु औषधको दलदलमा फस्दैन । विविध कारण र परिस्थितिले लागु औषधमा फसेर उन्मुक्ति नपाइरहेकाहरूको उद्धार र सहयोग गर्नु हामी सबैको मानवीय धर्म हो । त्यसैले यदि तपाईंका वरपर वा छरछिमेकमा त्यस्ता व्यक्तिहरू, जो तपाईंका दिदीबहिनी, श्रीमती, भाउजू, नजिकका महिला नातेदार वा छिमेकी होलान्, तिनलाई लागु औषधको दलदलबाट जोगाउन र नयाँ जीवन दिन तपाईं एक आदर्श नागरिकको भूमिका बहन गर्न सक्नुहुन्छ ।

भोलीको कर्णधार युवाहरू दिन दुई गुणा रात चार गुणाको दरले लागूपदार्थको प्रयोगको दुनियाँमा फस्दै गएकोले देशको आर्थिक, सामाजिक लगायत हरेक पक्षमा नकारात्मक असर पुगिरहेको छ । महिलाको अवस्था अझ जटिल रहेको छ । अतः महिलाहरू पनि लागु औषधको रोगबाट अछुतो छैनन् भन्ने कुरा जनमानसमा बुझाउनुपर्ने र लागु औषध प्रयोगकर्ताहरूको जीवनस्तरमा सुधार ल्याइ लागूपदार्थको लतबाट मुक्त गर्न सरकारले रोजगारीको अवसरहरूमा वृद्धि गर्नुपर्ने साथै निःशुल्क उपचार सेवा प्रदान गर्नुपर्ने देखिन्छ । सरोकारवालाहरूले लागु औषधको लतबाट मुक्त गर्न शिक्षामूलक कार्यक्रमहरूसहित निःशुल्क उपचार सेवा सञ्चालन तथा वैज्ञानिक तरिकाले लागु औषध प्रयोगकर्ताहरूको हक र हितको विषयमा र प्रयागकर्ताको अवस्था बुझ्नको लागि प्रभावकारी खोज अनुसन्धान वैज्ञानिक तरिकाको रिसर्च गर्ने योजना बनाउनुपर्ने देखिन्छ ।

*(थापा, साइकोथेरेपिस्ट हुन् ।)*

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | आकस्मिक धन लाभ हुनेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| वृष | : | शैक्षिक कार्यमा प्रगति हुनेछ । आम्दानी बढ्ने योग छ । |
| मिथुन | : | सम्बन्धमा दूरी बढ्नेछ । स्वास्थ्यप्रति सावधानी राख्नुहोला । |
| कर्कट | : | नयाँ काम बन्नेछ । पदोन्नतीको योग छ । |
| सिंह | : | दिन निकै शुभ छ । आकस्मिक धनलाभको योग छ । |
| कन्या | : | पारिवारिक कार्य सफल हुनेछ । रोकावटले गर्दा मन दुःखी रहनेछ । |
| तुला | : | अलि रोकावटपछि कार्य सफल हुनेछ । समस्या समाधान हुनेछ । |
| वृश्चिक | : | विरोधीहरू सक्रिय रहनेछन् । व्यापारमा राम्रो आम्दानी हुनेछ । |
| धनु | : | आफन्तको नकारात्मक विचारले दुःखी बनाउनेछ । समयको सदुपयोग गर्नु होला । |
| मकर | : | आजको दिन धेरै नै कल्याणकारी र शुभ छ । वाणी संयम जरुरी छ । |
| कुम्भ | : | लामो यात्राको योग छ । नयाँ काम बन्ने योग छ । |
| मीन | : | नयाँ कार्यमा सावधानी राख्नुहोला । यश बढ्ने योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# राष्ट्रपतिको उम्मेदवार नबन्ने बाइडेनको घोषणा, ह्यारिसलाई समर्थन

**काठमाडौं/एजेन्सी–** संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जो बाइडेनले आफू फेरि राष्ट्रपति बन्ने चुनावी दौडबाट बाहिरिएको घोषणा गरेका छन्। उनले आफ्नो ठाउँमा डेमोक्रेटिक पार्टीबाट राष्ट्रपतिको उम्मेदवारका रूपमा उपराष्ट्रपति कमला ह्यारिसलाई अघि सारेका छन्।

अमेरिकी राष्ट्रपति जो बाइडेनले गत महिनाको अन्त्यमा विनाशकारी बहस प्रदर्शनपछि चुनावमा आफ्नो व्यवहारिकताको बारेमा बढ्दो संख्यामा डेमोक्रेटहरूले चिन्ता व्यक्त गरेपछि राष्ट्रपतिको दौडबाट बाहिरिने घोषणा गरेका हुन्।

'मेरो उम्मेदवारी पुनः निर्वाचित हुने भएता पनि, मेरो बाँकी कार्यकालका लागि राष्ट्रपतिको रूपमा मेरो कर्तव्य पूरा गर्नमा मात्र ध्यान केन्द्रित गर्नु मेरो पार्टी र देशको हितमा छ भन्ने मलाई विश्वास छ,' सामाजिक सञ्जाल एक्समा उनले भनेका छन्।

उनले आफ्नो निर्णयको बारेमा विस्तृत रूपमा यस हप्ताको अन्त्यमा राख्ने बताए। अर्को पोस्टमा, उनले भनेका छन्, 'यस वर्ष डेमोक्रेटिक पार्टीको तर्फबाट राष्ट्रपतिको उम्मेदवारको रूपमा उपराष्ट्रपति कमला ह्यारिसलाई मेरो पूर्ण समर्थन छ। डेमोक्रेटहरू एकजुट भएर ट्रम्पलाई हराउने समय हो। यो गरौं।'



वर्तमान अमेरिकी राष्ट्रपति र सम्भावित उम्मेदवार यसअघि चुनाव प्रक्रियामा यति ढिलो दौडबाट बाहिरिएका छैनन्। हाल ८१ वर्षका बाइडनले एक लिखित विज्ञप्ति जारी गर्दै आइतबार राति आफ्नो दल र देशको हितका लागि आफूले पुनः राष्ट्रपतिको उम्मेदवार बन्ने योजनालाई अन्त्य गरेको बताएका हुन्।

उनले राष्ट्रपतिका रूपमा काम गर्ने अवसरलाई आफूले 'ठूलो सम्मानको रूपमा लिएको' र सन् २०२५ जनवरीसम्म रहने आफ्नो कार्यकाल पूरा गर्ने पनि विज्ञप्तिमा उल्लेख गरेका छन्।

अब अमेरिकी राष्ट्रपतिमा डेमोक्रेटिक पार्टीका तर्फबाट उपराष्ट्रपति ह्यारिस र रिपब्लिकन पार्टीको तर्फबाट अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पबीच प्रतिस्पर्धा हुने सम्भावना छ। यद्यपि, डेमोक्रेटिक पार्टीको अगस्टमा हुने राष्ट्रिय सम्मेलनबाट राष्ट्रपतिको उम्मेदवार चयन गर्ने कार्यतालिका छ। गत जुन २७ मा भएको राष्ट्रपतीय निर्वाचनको बहसमा फितलो प्रस्तुति भएको भन्दै डेमोक्रेटहरूबाटै उनको आलोचना भएको थियो। उपराष्ट्रपति ह्यारिसले आफूलाई राष्ट्रपतिको उम्मेदवारको रूपमा मनोनीत हुन पाउँदा सम्मानित महसुस भएको बताएकी छन्। उनले आफूले ट्रम्पविरुद्ध 'देशलाई एकताबद्ध गर्ने' पनि बताइन्।


## साउदीमा रोजगार

कम्पनी: ALTERNATIVE ENERGY COMPANY — शहर: JEDDHA

पूर्व स्वीकृत मिति: २०८१/०४/०७ — चलानी नं.: [illegible] — LT. No.: 307784

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Store Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ जेठ १५ गते (30 July 2024) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.**
श्रम इजाजत नं: ५४३/०६१/०६२
बसुन्धारा, काठमाडौं, फोन नं.: ४९५९७७२, ४९८४१९०, ४९८४१९१
फ्याक्स नं.: ४३८३६२७ देबी प्रसाद अधिकारी ९८५१०९९३००, Email: capital2004@yahoo.com
" Real Happiness Lies in Making Other Happy"

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: TAMAN GHAIR GENERAL CONTRACTING EST — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८०/१२/२२ — चलानी नं.: ६०२१७९०९ — L.T. No.: 303048 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६४,०९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: SALEH EID AL SAADY FACTROY FOR READY MIX CONCRETE — शहर: Saudi Arabia, Dammam
पूर्व स्वीकृत मिति: २०८१/०४/०७ — चलानी नं.: ६०२२२५३१ — L.T. No.: 307795

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६४,०९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Loading and Unloading Labor | 8 | 0 | | 1000 | ३५,६१० | | | | | | | |

कम्पनी: AL NAKHLA AL OULA COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८०/१२/१२ — चलानी नं.: ६०२१७२५८ — L.T. No.: 302212 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 15 | 0 | स. काममा दक्ष | 1800 | ६४,०९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ साउन १५ गते (30 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/– कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

**Fast Employment Service (P.) Ltd.**
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com

## साउदीमा रोजगार

कम्पनी: BAITEK WAIN MAINT AND CLEANING EST — शहर: Dammam
पूर्व स्वीकृत मिति: २०८१/०४/०७ — चलानी नं.: ६०२२२४९४ — LT. No.: 307768

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६४,०९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन १५ गते (30 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/– कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

**फ्यूचर माईन्डस् प्रा. लि.**
श्रम ईजाजत नं. १०२८/०६८/०६९
एयरपोर्ट, सिनामंगल, काठमाडौं, फोन : ४१११०४४, फ्याक्स : ४१११०४४
E-mail : info@futureminds.com.np, futuremindshr@gmail.com, www.futureminds.com.np

## साउदीमा रोजगार

कम्पनी : EXPERTISE CONSTRUCTION COMPANY LIMITED — शहर: JUBAIL
पूर्व स्वीकृत मिति: २०७९/११/०८ — चलानी नं.: ६०१९६८२६ — L.T. No.: 281443 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 99 | 0 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन १५ गते (30 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

**गल्फ स्काई ईन्टरनेशनल प्रा. लि.**
श्रम ईजाजत नं. ८९०/०६७/०६८
बसुन्धारा-३, काठमाडौं, नेपाल, E-mail:gulfskyintl890@gmail.com
फ्याक्स : ५९०५०२७, फोन नं.: ५९०५०२६, ५९०५०२५, ९८४१३९७२७५, ९८४१७९२८८८, ९८०१११६८६९

## साउदीमा रोजगार

कम्पनी : DEVELOPMENT WORKS CONTRACTING COMPANY ONE PERSON COMPANY — शहर: SAUDI ARABIA
पुर्व स्वीकृत मिति: २०८१/०४/०७ — चलानी नं.: ६०२२२५२८ — L.T. No.:307804

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 7 | 0 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन १५ गते (30 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/– कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

**K L Employment Service (P) Ltd.**
श्रम इजाजत नं.: ७०१/०६३/०६४
शम्भु मार्ग, एयरपोर्ट, काठमाडौं, फोन : ४४६४११३, ४४९३१८०, फ्याक्सः ४४६९३२१
Email: info@klemployment.com.np | Web: www.klemployment.com.np

## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी: RAK NATIONAL MARKETS LLC — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८०/१२/०२ — चलानी नं.: ६०२१६६२१ — LT. No.: 301655 — पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier And Sales Associate | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३६४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 3 | 0 | | 1200 | ४३६४४ | | | | | | | |
| 3. | Inventory Staff | 2 | 0 | | 1200 | ४३६४४ | | | | | | | |
| 4. | Supervisor F And V | 4 | 0 | | 1500 | ५४५५५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन १५ गते (30 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/– कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
Govt. Lic. No.: 821/066/067 — ISO 9001 : 2015
Basbari Ward No 3, Kathmandu, Nepal, Tel: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

## SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAL SWEETS TRADING EST. — शहर: Baljorashi
पूर्व स्वीकृत मिति : २०८१/०४/०७ — चलानी नं.: [illegible] — L.T. No.: 307737

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 5 | 0 | स. काममा दक्ष | 1200 | ४२,७३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन १५ गते (30 July 2024) मा हुनेछ ।

**AL RAWASI AL ASRIAH RECRUITMENT PVT.LTD.**
License No: 1658/080/081
Samakhusi, Kathmandu, Nepal. Mobile : 9816724585
Email: alrawasialasriah@gmail.com

## बहराइन र साउदीमा वैदेशिक रोजगारको अवसर

१ कम्पनी: GEORGIA FASHIONS — शहर: Bahrain
पुर्व स्वीकृत मिति: २०८०/०९/०१ — चलानी नं.: ६०२१३६२४ — L.T. No.:296549 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor | 16 | 0 | स. काममा दक्ष | 150 | ५३,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२ कम्पनी: FLOUR FOUNDATION AND CUP FOR SERVING MEALS — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८१/०४/०७ — चलानी नं.: ६०२२२५१६ — L.T. No.:307779

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | waiter | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,७३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: BEST OF FOOD FOUNDATION TO PROVIDE MEALS — शहर: Saudi Arabia, Jeddah
पुर्व स्वीकृत मिति: २०८०/११/१७ — चलानी नं.: ६०२१५७५८ — L.T. No.: 300867 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook & Chef | 1 | 0 | स. काममा दक्ष | 1500 | ५३,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन १५ गते (30 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | क १ नि शुल्क साउदी रु. १०,०००/– |

**Al Taaz International Pvt. Ltd.**
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9801147203, 9801147204, 9801147206, 9801147207, 9801147208, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

## साउदी र कतारमा वैदेशिक रोजगारको अवसर

१ कम्पनी : AL-ZOMROUDA AL-AMAA GENERAL CONTRACTING EST — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८१/०४/०७ — चलानी नं.: ६०२२२४७४ — LT. No.: 307799

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२ कम्पनी : KEIR INTERNATIONAL CO. — शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८१/०४/०७ — चलानी नं.: ६०२२२४७५ — LT. No.: 307800

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३ कम्पनी: ESSA RASHED AL OWAIDAN COMPANY FOR CONTRACTING — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८०/०८/२७ — चलानी नं.: ६०२११४७३ — L.T. No.: 296451 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४ कम्पनी: AL SIYADAH TRADING CLEANING AND HOSPITALITY — शहर: DOHA
पुर्व स्वीकृत मिति: २०८०/०२/१३ — चलानी नं.: ६०२०२१०५ — L.T. No.: 286722 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Supervisor | 1 | 0 | स. काममा दक्ष | 3500 | १२८,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन १५ गते (30 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/– कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | क१,२,३ रु. १०,०००/– क४ नि शुल्क |

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७
९८१८०४७४४३, ९८५१०२३५९४, ९८५११२७०६३, ९८५११८६१२५, ९८५१०१२१०२
E-mail: threebrothershrrec@gmail.com

## साउदीमा रोजगार

कम्पनी: TAHATTAN GENERAL CONTRACTING EST — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/०४/०६ — चलानी नं.: ६०२२२४७० — LT. No.: 307749

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६४,०९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Worker | 1 | 0 | | 1500 | ५३,४१५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन १५ गते (30 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

**बि. एस. ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ५४०/०६१/०६२ — ISO 9001 : 2015 CERTIFIED, Regd No : 19313/A/001/En
पो.ब.नं.: १५१४२, सामाखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ०१-४९६३३५८, ०१-४९८७४०२, ०१-४३६४४१०
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@gmail.com
website: www.bsoverseasnepal.com.np

## साउदीमा रोजगार

कम्पनी: SIXTH CORNER GENERAL CONTRACTING COMPANY — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८०/०६/३० — चलानी नं.: ६०२०९४४४ — LT. No.: 294120 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 50 | 0 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन १५ गते (30 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/– कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५७३/०६२/०६३
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्सः ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

## साउदीमा रोजगारको अवसर

कम्पनी: AL-AMERIA UNITED CONTRACTING COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/०४/०७ — चलानी नं.: ६०२२२५१७ — LT. No.:307776

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sanitation Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन १५ गते (30 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/– कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

**Confident International Manpower Pvt. Ltd.**
Govt. Lic. No. 1423/074/075
Address: Sinamangal- 09, Kathmandu | Tel: 01- 5918957,5918958
E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com

## साउदीमा रोजगार

कम्पनी: Mishal Shaleel Bin Habib Al Mutairi Contracting Company — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८०/१२/२५ — चलानी नं.: [illegible] — LT.No.:303228 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Housekeeping worker | 50 | 0 | स. काममा दक्ष | 1000 | ३५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन १८ गते (2 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/– कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

**A.S. International Group Pvt. ltd.**
Gov. lic. No. 1155/073/74
Samakhusi-26, Kathmandu Nepal,Tel: 01-5900381/5901381
Email: asintldemand@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ALMOAGEL FOR TRADING AND CONTRACTING — शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८१/०४/०७ — चलानी नं.: ६०२२२५३३ — LT. No.:307813

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६४,०९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन १५ गते (30 July 2024) मा हुनेछ ।

